



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com






❖ वर्ष ३५ ❖ २०७९ वैशाख १६ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 April 29 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४०


## भारतले बिजुली नदिंदा सयौं उद्योग बन्द
## अबौंको घाटा लाग्ने व्यवसायीको अनुमान

राधेश्याम पटेल, परवानीपुर, १५ वैशाख/

वीरगंज–पथलैया कोरिडोरका सयौं उद्योग बन्द हुन थालेका छन् । माग







तस्वीरः फाइल/प्रतीक

बमोजिमको बिजुली नपाउँदा उद्योग बन्द हुन थालेका हुन् ।

वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष हरि गौतमका अनुसार हिजो बुधवारदेखि अघोषितरूपमा वीरगंज कोरिडोरमा लोडसेडिङ हुन थालेकोले उद्योगधन्दा चौपट हुन थालेको बताए । "हामीले आजै डेलिगेशन लिएर प्राधिकरणको वीरगंज वितरण केन्द्रमा गएका थियौं," उनले भने, "भारतले दिइरहेको प्रतिदिन करीब चार सय मेगावाट बिजुली दिन हिजोदेखि दिन बन्द गरेको छ, जसले गर्दा वितरण केन्द्रले पनि बिजुली दिन बन्द गर्दा विद्युत् आपूर्तिमा समस्या उब्जेको हो ।" वीरगंज कोरिडोरका उद्योगलाई आगामी चार दिन बिजुली आपूर्ति असहज हुने प्राधिकरणका अधिकारीले आश्वासन दिए पनि व्यवसायीहरूका अनुसार करीब १४ दिनपछि मात्रै केही राहत हुने जानकारी पाएको बताए ।

वीरगंज कोरिडोरमा निर्माण सामग्री उत्पादन गर्ने फलामजन्य उद्योग, सिमेन्ट उद्योग, खाद्यान्न उद्योग, कपडा उद्योग, बोरा उद्योग, केमिकल उद्योग, औषधि उद्योगलगायत सयौं उद्योगले बिजुली नपाउँदा धमाधम उत्पादन बन्द गर्न थालेका व्यवसायीहरूको भनाइ छ ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अर्का उपाध्यक्ष माधव राजपालले सरकारले उपलब्ध गराउने बिजुलीको सट्टा ब्वाइलरबाट चल्ने टर्बाइनबाट उत्पादन हुने बिजुली बढी खर्चिलो हुने भएकोले उत्पादनमा लागत खर्च अत्यधिक हुने भएकोले उद्योगीहरू उद्योग चलाउनुभन्दा उद्योग नै बन्द गरी चुप बस्ने अवस्थामा पुगेको बताए । "अहिले करीब ३० प्रतिशत उद्योग मात्र फाटफुटरूपमा चलिरहेका छन्," उनले भने, "यस्तो समस्याको बेला सरकारी पक्ष गम्भीर भएर उद्योगको लागि चाहिने बिजुली आपूर्ति सहज बनाउनुपर्छ ।" करीब दुई साताभित्र अर्बौं मूल्यका सामान उत्पादन नभएर उद्योगीहरूलाई करोडौं मूल्य घाटा लाग्न सक्ने अनुमान गरिएको छ ।

वीरगंज वितरण केन्द्रमा करीब ५० हजार ग्राहक रहेकामा करीब एक हजार साना/ठूला उद्योग छन् । अधिकांश उद्योग प्रभावित भएको नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुख जीतेन्द्रकुमार झाले बताए । उनले शुक्रवार र शनिवार रक्सौल–परवानीपुर–वीरगंज १३२ केभिए प्रसारण लाइनको क्षमता अभिवृद्धिको लागि टावर अग्लो पार्ने काम हुने भएकोले दुई दिन बिहान ११ देखि साँझ ५ बजेसम्म बिजुली आपूर्ति नहुने जानकारी गराए । उनले दुई दिन औद्योगिक र ग्रामीण फेडरको बिजुली आपूर्ति कटौती गरिने बताए ।

**किन भइरहेको छ बिजुली आपूर्ति ठप्प**

नेपालमा प्रतिदिन करीब १५ सय मेगावाट बिजुली चाहिन्छ ।

जसमध्ये नेपालमा सरकारी र निजी कम्पनीहरूले करीब ११ सय मेगावाट बिजुली दैनिक उत्पादन गरेर उपलब्ध गराउँछन् । अपुग बिजुली भारतबाट दैनिक करीब चार सय मेगावाट आयात गरिन्छ । त्यसमध्ये वीरगंजमा रक्सौलबाट दैनिक पुरानो रक्सौल–वीरगंज ३३ केभिए प्रसारण लाइनबाट १० मेगावाट र केही वर्षअघि सञ्चालनमा आएको रक्सौल–परवानीपुर १३२ केभिए प्रसारण लाइनबाट दैनिक १८० मेगावाट बिजुली नेपाल आयात हुन्छ । अर्थात् दैनिक रक्सौलबाट वीरगंजमा १९० मेगावाट बिजुली आउँथ्यो । तर दुई दिनदेखि भारतले बिजुली दिन बन्द गरेको छ ।

रूस–युक्रेन युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा कोइलाको चरम अभाव भएको कारण भारतमा उत्पादन हुने बिजुली अहिले भारतमैं अपुग भएको छ । जसले गर्दा भारतले नेपाल आयात हुने बिजुली दिन बन्द गर्ने निर्णय गरेको छ ।

पहिले भारतले प्रतियुनिट भारु २० मा बिजुली बेचिरहेको थियो भने जनकपुर–जयनगर रेलसेवा सञ्चालन गर्न नेपाली प्रधानमन्त्री शेरबहादुर देउवा

(बाँकी अन्तिम पातामा)

## दुईजना युवकको हत्या

राजेश केशरीवाल, रक्सौल, १५ वैशाख/

रक्सौलनजीक आदापुरमा दुईजना युवकको हत्या भएको छ । आदापुरको सिरसिवा कला गाउँनजीकको खेतमा युवकहरूको शव हत्या गरिएको अवस्थामा प्रहरीले बरामद गरेको हो ।

प्रहरीले हत्या गरिएका युवकमा भरत यादव र नवल यादव रहेको पुष्टि गरेको छ । दुवैजनाको निर्मम हत्या गरिएको छ ।

यसबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । हत्या भएकामध्ये एकजना युवकविरुद्ध प्रहरीमा आपराधिक गतिविधि गरेको उजुरी परेकोले हत्या आपराधिक समूहबाट भएको अनुमान गरिएको छ ।

तस्करीमा संलग्नबीचको मनमुटावमा हत्या भएको प्रहरीले प्रारम्भिक अनुमान गरेको छ ।



हत्याबारे अनुसन्धान गर्दै भारतीय प्रहरी । तस्वीरः प्रतीक

## उम्मेदवारहरू घरदैलो कार्यक्रममा व्यस्त

प्रस, वीरगंज, १५ वैशाख/

पर्सा जिल्लाका चौधवटा पालिकामा स्थानीय चुनावले गति लिएको छ । मनोनयनपत्र दर्ता भएपछि दल र स्वतन्त्र उम्मेदवारहरू घरदैंलो कार्यक्रममा व्यस्त छन् ।

गर्मीको कारण बिहान र बेलुका घरदैंलो कार्यक्रम तीव्र गतिमा भइरहेको छ । चुनावकै बेलामा मुस्लिम समुदायको रमजान परेकोले दिउँसो चुनावी चहलपहल बढ्न सकेको छैन । मुस्लिम समुदायको ईद पर्व २० गते परेको र त्यसपछि चुनावी गतिविधि दिउँसो पनि बढ्न सक्ने अनुमान छ ।

यसैगरी, निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारहरूलाई चुनाव चिह्न नदिएको कारण अहिले पोस्टर, पम्पलेटबाट गरिने प्रचार हुन सकेको छैन ।

वैशाख १६ गते उम्मेदवारी फिर्ताको अन्तिम मिति छ भने १७ गते अन्तिम नामावली प्रकाशन हुने र चुनाव चिह्न प्रदान गर्ने कार्यक्रम छ । त्यसपछि पोस्टर, पम्पलेटबाट चुनाव प्रचारप्रसार हुने अनुमान छ ।

अहिले झन्डा, ब्यानर, डिजे साउन्ड, सामाजिक सञ्जाल, रेडियो एफएम, अनलाइन र पत्रपत्रिकाहरूबाट चुनावी प्रचारप्रसार भइरहेका छन् ।





तस्वीरः प्रतीक





**भोजभतेरमा कमी**

यसपटकको स्थानीय चुनावमा चौधवटै पालिकामा भोजभतेर गर्ने कार्यले गति लिन सकेको छैन । यसो त भोजभतेर निर्वाचन आचारसंहिताविपरीत पनि हो । तर गएको स्थानीय चुनावमा बिहान, दिउँसो, बेलुका उम्मेदवारहरूले भोजभतेर गर्ने गर्थ्ये । यसपटक यो कार्यमा कमी आएको छ ।

वीरगंज महानगरपालिकामा नगरप्रमुखका उम्मेदवारको घरमा चुनाव प्रचारप्रसारमा खटेकाहरूको लागि मात्र खानपिनको व्यवस्था गरिएको छ । यसबाहेक वडाध्यक्षहरूले छिटपुटरूपमा मात्र भोजभतेर गरेका छन् । उम्मेदवारी दर्ता हुने दिन वैशाख १२ गते ठूलो मात्रामा भोजभतेर भएको थियो ।

यसपटकको भोजभतेर होटलकेन्द्रित रह्यो । कार्यकर्ताहरूलाई रकम दिएको कारण उनीहरू झन्डा लगाएको सवारीसाधनसहित वीरगंजका साना/ठूला होटल, रेस्टुराँमा खानपिन गरेको पाइएको थियो । गाउँतिर पनि यस्तै रह्यो । केही उम्मेदवारहरूले ग्रामीण क्षेत्रमा मासु–च्युरा र मदिराको व्यवस्था गरेका थिए ।

### एमालेको घरदैंलो कार्यक्रम

प्रस, रौतहट/

मौलापुर नगरपालिकामा प्रमुख पदका उम्मेदवार रीनाकुमारी साहले प्रतिबद्धतापत्रसहित घरदैंलो कार्यक्रम गरेकी छन् ।

नेकपा एमालेबाट उम्मेदवार साहले दोस्रोपटक नगरप्रमुख पदमा उम्मेदवारी दिई जनतासमक्ष प्रतिबद्धतापत्रसहित मतको लागि आग्रह गरिरहेकी छन् । प्रतिबद्धतापत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाइ, खेलकूद, कृषि, उद्योग, व्यापार, पर्यटन तथा संस्कृति, भौतिक पूर्वाधार, सेवा प्रवाह तथा सुशासन, सामाजिक न्याय जस्ता विकास गर्ने प्रतिबद्धतापत्रमा उल्लेख गरेकी छन् ।

## जीराभवानी गापामा पाँचजना उम्मेदवारविरुद्ध उजुरी

प्रस, वीरगंज, १५ वैशाख/

उम्मेदवारी दर्ता भएको पर्सा जिल्लाका चौधवटा पालिकामध्ये केहीमा मात्रै उम्मेदवारविरुद्ध दाबी विरोध परेको छ ।

जीराभवानी गाउँपालिकामा पाँचजना उम्मेदवारविरुद्ध दाबी विरोध परेको झविन्द्रप्रसाद पाण्डेले बताए । उनले पाँचवटै उजुरी नेकपा एमालेविरुद्ध परेको पुष्टि गरेको छ । यो गापामा नेकपा एमालेबाट प्रमुखमा दुईजनाको उम्मेदवारी परेको छ । एउटै पार्टीबाट दुईजनाको उम्मेदवारी पर्नु सम्भवतः पहिलो घटना हो ।

वैशाख १२ गते कुणाल महतोले डेढ बजे नेकपा एमालेको तर्फबाट अध्यक्षमा उम्मेदवारी दर्ता गराएका थिए । उनीसँगै उपाध्यक्षमा उषादेवी थरुनी र वडा नं ३ बाहेक चारवटा वडाका अध्यक्ष, सदस्य पदका उम्मेदवारहरूले मनोनयनपत्र दर्ता गराएका थिए । कुणालको उम्मेदवारी परेको तीन घण्टापछि निवर्तमान अध्यक्ष रामप्रीत महतोले अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएका थिए । उनले अध्यक्ष पदमा आफ्नो मात्र उम्मेदवारी दर्ता गराएका थिए । बिहिवार निर्वाचन अधिकृतको कार्यालयमा छानविन छलफलपछि रामप्रित महतो थारुलाई आधिकारिक उमेदवार पुष्टि गरिएको छ । निर्वाचन अधिकृत पाण्डेले थारुलाई आधिकारिता प्रदान गरिएको र




कुणालको उमेदवारी रद्द गरिएको बताए ।

यसैबीच, पोखरिया नगरपालिकामा कसैको पनि दाबी विरोध नपरेको निर्वाचन अधिकृत पद्मबहादुर कार्कीले बताए । उनले नगरप्रमुखमा १५ जना, उपप्रमुखमा सातजना गरी वडाध्यक्ष, सदस्य गरेर कुल २६४ जनाको उम्मेदवारी दर्ता भएको र कसैको पनि दाबी विरोध नपरेको पुष्टि गरे । पोखरिया नपामा १० वटा वडा छन् ।

पटेर्वासुगौलीमा पनि उम्मेदवार दर्ता गराएकाविरुद्ध दाबी विरोध परेको छैन । निर्वाचन अधिकृत गौतम भण्डारीले अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र वडा सदस्य गरी १६९ जनाको उम्मेदवारी परेको र तीमध्ये कसैकोविरुद्ध पनि दाबी विरोध नपरेको पुष्टि गरेका छन् ।

दाबी विरोध नपरे पनि चैत १७ गते उम्मेदवारहरूले नाम फिर्ता लिन सक्ने उनले बताए ।


**घडेरी बिक्रीमा**

जीतपुरसिमरा उपमहानगरपालिका, नरबस्ती (साबिकः पिपरासिमरा वडा नं. २, घ) कित्ता नं. ४०७ को मोहोडा २५ फिट (पूर्व–पश्चिम) लम्बाई ६० फिट (उत्तर–दक्षिण) भएको ८ धुर को घडेरी तुरुन्त बिक्रीमा छ ।

**सम्पर्क नं.:**
९८५११२५३२७/ ९८४५०३३३२५

**जग्गा बिक्रीमा**

बारा जिल्ला, कलैया उपमहानगरपालिका–९ बघवननजीकै १५० फिटभन्दा बढी मोहडा भएको १५ कट्ठा जग्गा घडेरी वा व्यापार प्रयोजनको लागि बिक्रीमा छ ।

**सम्पर्क नं.: ९८५१३२३५४३**

## विचारसार र सूक्तिहरू

**समाज यस्तो बजार हो, जहाँ सल्लाह थोकमा र सहयोग ब्याजमा पाइन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# लाचार प्राधिकरण

**पर्सा, बारा जिल्लामा अहिले अघोषित लोडसेडिङ भइरहेको छ। नेपाल विद्युत् प्राधिकरणले माग अनुसारको बिजुली उपलब्ध गराउन सकेको छैन। नेपाल विद्युत् प्राधिकरण, वीरगंज वितरण केन्द्र अन्तर्गत पर्सा र बाराका कलैया उपमहानगर, महागढीमाई नगरपालिकासमेत गरी दैनिक १०२ मेगावाट बिजुलीको खपत छ। तर केही दिनदेखि यहाँ ७० मेगावाट बिजुली मात्र आपूर्ति भइरहेकोले सोही अनुरूप वितरण गर्दा दैनिक पाँच घण्टासम्म बिजुलीको आपूर्ति अनियमित हुन थालेको हो। प्राधिकरणले चैत महीनादेखि यो समस्या भोग्दै आएको छ। तर स्थानीय चुनाव भएको कारण लोडसेडिङको घोषणा गर्न सकेको छैन। सरकारको दबाबमा प्राधिकरणले दैनिक पाँच घण्टा बिजुली आपूर्ति नगर्दा पनि लोडसेडिङको सूचना जारी गरेर ग्राहकलाई सचेत पार्न सकेको छैन। सरकारले लोडसेडिङ घोषणा गर्दा स्थानीय चुनावमा असर पर्ने र सत्तामा रहेका पाँच दललाई मत कम हुने आकलन गरेको भन्ने कुरा जगजाहेर भइसकेको छ। पर्सा र बारा जिल्लामा मात्र बिजुली आपूर्तिको समस्या होइन। यो समस्या अहिले देशभरि नै छ। तर प्राधिकरणले अनेक समस्या झेलेर पनि लोडसेडिङलाई वैधानिकता दिन सकेको छैन। प्राधिकरणले देशभरका वितरण केन्द्रहरूलाई अहिले आम ग्राहकहरूको बिजुली नकाट्न र आवश्यकता परेको खण्डमा उद्योग, कलकारखानाको बिजुली आपूर्ति बन्द गर्न लिखित निर्देशन जारी गरेको छ।**

**यसैले अहिले पर्सा र बारामा राष्ट्रिय प्रसारण लाइनबाट आफ्नो ट्रान्सफर्मर राखेर बिजुली लिएका एक दर्जन उद्योग, कलकारखानाबाहेक अन्य उद्योगहरूको बिजुली आपूर्ति अवरुद्ध हुँदै आएको छ। उद्योग, कलकारखानामा बिजुली काट्दा जति समस्या भएको छैन, त्यति लोडसेडिङ घोषणा नगर्नाले समस्या भएको छ। लोडसेडिङ घोषणा भएको भए उद्योग कलकारखानालाई सोही अनुरूपको समयतालिका बनाएर काम गर्न सहज हुन्थ्यो। तर यसो हुन नसक्दा उद्योग कलकारखानाले सबैभन्दा बढी मार खेप्नुपरेको छ। पर्सा र बारामा मात्र साना/ठूला गरी करीब दुई हजार उद्योग, कलकारखाना छन्। त्यसमध्ये ब्वायलर सञ्चालित उद्योगहरूलाई त झनै समस्या भएको छ। एकपटक ब्वाइलर तताउन लामो समय लाग्छ। त्यसमा विनासुचना बिजुली काट्ने र दिने गर्दा ती उद्योग, कारखानाहरूलाई ठूलो आर्थिक नोक्सानी हुने गरेको छ। वीरगंज उद्योग वाणिज्य सङ्घले चैत महीनामा काठमाडौंमा डेलिगेशन गएर यसबारेमा ध्यानाकर्षण गराएको थियो भने प्राधिकरणका महानिर्देशक कुलमान घिसिङ वीरगंज आउँदा पनि यो समस्याको उठान गरेको थियो। वीउवासङ्घले लोडसेडिङको समयतालिका सार्वजनिक गरेर बिजुली काट्दा समस्या नहुने तर जथाभावी बिजुली काट्दा उद्योग, कलकारखानाहरूलाई ठूलो आर्थिक क्षति भइरहेको बताएको थियो। प्राधिकरणलाई पनि विनासूचना बिजुली काट्दा राष्ट्रिय अर्थतन्त्रमा असर पर्ने कुराको जानकारी नभएको होइन। तर दलविशेषको स्वार्थसिद्ध गर्नका लागि ऊ निरीह बनेको छ। आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन छ। निर्वाचन सकिएपछि पनि मतगणना गर्न चार/पाँच दिन लाग्छ। सो अवधिसम्म प्राधिकरण सरकारको दबाब स्वीकार्न बाध्य छ। त्यसपछि लोडसेडिङ अनिवार्य हुनेछ।**

**नेपालमा बिजुलीको उत्पादन बढ्यो भारतमा बिजुली बिक्रीका लागि महानिर्देशक घिसिङको टोली दिल्ली गएको घटना अहिले नेपालमा बिजुलीको अनियमितताले उदाङ्गो पारेको छ। भारतबाट मोतिहारी–ढल्केबर ६६ केभिए प्रसारण लाइन र रक्सौल–परवानीपुर ३३ केभिए प्रसारण लाइनबाट अहिले महँगोमा बिजुली आपूर्ति भइरहेको छ। रूसले युक्रेनमाथि आक्रमण शुरू गरेपछि ग्याँसको आपूर्ति असहज हुने, महँगो हुने भनेर प्राधिकरणले घर–घरमा बिजुलीको खपत बढाउन गरेको आह्वान पनि फगत झूटो साबित हुँदैछ। तसर्थ प्राधिकरणले झूटको खेती गर्न छाडेर ग्राहकलाई सही सूचना दिएको खण्डमा उसप्रति विश्वास बढेर जाने थियो।**

# पाकिस्तानका नयाँ नेतृत्वसामु पुरानै चुनौतीको भारी

स्वतन्त्र विचार



**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**सन् २०१८ मा सत्तासीन भएसँगै प्रधानमन्त्री इमरान खान अमेरिका विरोधीका रूपमा चिनिंदै थिए भने चीनसँग नजीक हुँदै गए। र युक्रेनमा आक्रमण भएकै दिन अर्थात् २४ फेब्रुअरीका दिन रूस भ्रमण गरेका खानले आफू रूस नजीक भएको सङ्केत पनि दिएका थिए।**

साढे सात दशक अघि भारतबाट छुट्टिएर बनेको इस्लामिक देश पाकिस्तानमा आजसम्म एउटा पनि लोकतान्त्रिक सरकारले ५ वर्षको कार्यकाल पूरा गर्न नससकेको परम्पराले पुनः निरन्तरता पाएको छ। तीन वर्ष सात महीनाको कार्यकालपछि प्रधानमन्त्री इमरान खान पनि विश्वासको मत हासिल गर्न नसकी सत्ताबाट बाहिरिनुपर्‍यो। पाकिस्तानको राजनीतिमा भुट्टो परिवार र नवराज शरीफको परिवारलाई त्यहाँको लोकतान्त्रिक राजनीतिको दुई प्रमुख शक्ति केन्द्र मानिन्छ। भूतपूर्व प्रधानमन्त्री नवाज शरीफका भाइ तथा पाकिस्तानको पञ्जाब प्रान्तका भूतपूर्व मुख्यमन्त्री शहबाज शरीफ देशका प्रधानमन्त्री निर्वाचित भएका छन्। निवर्तमान प्रधानमन्त्री इमरान खानको पार्टी तहरिक–ए– तालिबान पाकिस्तानका केही सांसदहरूसहित प्रायः सबैजसो विपक्षी दलका सांसदको समर्थनबाट अस्तित्वमा आएको नयाँ सरकार सामु देशमा उत्पन्न गम्भीर आर्थिक सङ्कटको मुकाबिला गर्नुका साथै त्यहाँको शासन सत्ताको प्रमुख शक्ति केन्द्र सैन्य प्रतिष्ठानसित सुमधुर एवं समन्वयात्मक सम्बन्ध राख्नु पनि हुनेछ जुनकि सजिलो हुनेछैन। किनभने नवाज शरीफलाई पाकिस्तानमा सेनाको विरोधी नेताको रूपमा चिनिन्छ। यद्यपि नवाज शरीफ पनि सेनाकै सहयोग र समर्थनमा प्रत्येकपटक सत्तासीन भएका हुन्।

निवर्तमान प्रधानमन्त्री इमरान खान पाकिस्तानका युवामाझ एक चर्चित एवं लोकप्रिय अनुहार थिए। ब्रिटेनमा शिक्षा हासिल गरेका उनी सन् १९९२ को विश्वकप क्रिकेटमा पाकिस्तानलाई विश्व च्याम्पियन बनाउने एकमात्र पाकिस्तानी क्रिकेट क्याप्टेन हुन्। क्रिकेटका कारण पाकिस्तानमा साह्रै चर्चित अनुहार साबित भइरहेका इमरान खानलाई राजनीतिमा ल्याउने उनका सहयोगीहरूले गलत अनुमान गरे। एउटा सफल क्रिकेट क्याप्टेन सफल राजनीतिज्ञ पनि हुन सक्छ भन्ने कुराको ग्यारेन्टी हुन सक्दैन। इमरान खानको नाम, लोकप्रियता र उत्साहलाई आलोपालो गरी नवाज शरीफ तथा भुट्टोको पार्टीले सदुपयोग गर्‍यो। सत्तामा पुगेपछि कहिल्यै नफर्किनेगरी इमरान खानको राजनीतिक अन्त्य हुन्छ भन्ने कुरा भरसक पाकिस्तान मुस्लिम लिग (एन) र पाकिस्तान पिपुल्स पार्टीका नेताहरूबीच मतैक्य थियो। अब फेरि पनि इमरान खान पाकिस्तानी राजनीतिको केन्द्रमा आउने कुराको कल्पनासम्म गर्न सकिंदैन।

इमरान खानलाई पनि पाकिस्तानका अन्य शासकहरूजस्तै पदच्युत हुने समयमा यस कुराको अनुभूति हुन थालेको थियो कि मित्र फेर्न सकिन्छ तर छिमेकी फेर्न सकिंदैन। छिमेकी राष्ट्र भारतसित प्रत्यक्ष र परोक्ष गरी ५० पटक युद्धमा पराजित भइसकेको पाकिस्तानले भारत विरोधलाई नै आफ्नो राष्ट्रवादको प्रमुख अस्त्र बनाएको छ। पाकिस्तानको शासन सत्तामा टिकिरहन भारतको विरोध गर्नैपर्दछ र भारतको जम्मु एवं कश्मीर प्रान्तमा पाकिस्तानको पनि अंशियारी भएको दाबी गर्नैपर्छ भन्ने मान्यता त्यस देशको ठोस अडान अथवा राष्ट्रिय अडान बन्न गएको छ। शायद त्यही भएर होला, नवनिर्वाचित प्रधानमन्त्री शहबाज शरीफले पनि कश्मीरको विषयलाई आफ्नो प्रमुख प्राथमिकताको विषय बताए। यो बेग्लै कुरा हो कि उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई पत्र लेखी भारतसित मित्रवत् सम्बन्ध बनाउन चाहेको आफ्नो इच्छा पनि व्यक्त गरे। पाकिस्तानका नवनिर्वाचित प्रधानमन्त्रीलाई यस कुराको अब राम्ररी अनुभूति भइसकेको छ कि पाकिस्तान अब भारतसँग द्वन्द्व गर्न सक्ने अवस्थामा छैन र आगामी दिनमा भारतसित सैन्य प्रतिस्पर्धा र प्रतिद्वन्द्विता गर्न मात्रै खोजिरह्यो भने उसलाई लाभभन्दा बढी क्षति पुग्नेछ।

सन् २०१८ मा सत्तासीन भएसँगै प्रधानमन्त्री इमरान खान अमेरिका विरोधीका रूपमा चिनिंदै थिए भने चीनसँग नजीक हुँदै गए। र युक्रेनमा आक्रमण भएकै दिन अर्थात् २४ फेब्रुअरीका दिन रूस भ्रमण गरेका खानले आफू रूस नजीक भएको सङ्केत पनि दिएका थिए। यतिमात्र होइन आफूले मस्को भ्रमण गरेकै कारण वाशिंगटनले आफूलाई हटाउन खोजेको भन्दै इमरान खानले हालको राजनीतिक सङ्कटको निम्ति अमेरिकालाई जिम्मेवार ठह्‍याए। यतिमात्र होइन उनकै पार्टीका वरिष्ठ नेता कवाद चौधरीले त पाकिस्तानको लागि विदेशीद्वारा चुनिएको र विदेशबाट आयातित सरकार लादिनु र शहबाजजस्ता व्यक्तिले त्यसको नेतृत्व गर्नुजस्तो अपमान के हुन सक्छ भनी प्रश्न नै गरे। अमेरिकाले यस आरोपको खण्डन गरेको छ। पाकिस्तानी मिडिया डनसँग भएको कुराकानीमा उनले भ्रष्टाचारको मुद्दाको फैसला गर्नु, तोकिएकै दिन शहबाज प्रधानमन्त्री हुनु देशका लागि ठूलो अन्याय भएको टिप्पणी गरे। शहबाज र उनका छोरा हम्जाविरुद्ध परेको १४ अर्ब डलरको कालो धनसम्बन्धी मुद्दामा पाकिस्तानको विशेष अदालतले सोही दिन निर्णय गर्न समय तालिका तोकेको थियो तर सो निर्णय पछाडि सारिएको छ। पिटिआईका अधिकांश शीर्ष नेताले शहबाज कालो धनको मुद्दामा आरोपी भएकाले उनी प्रधानमन्त्री पदका लागि योग्य नभएको आरोप लगाउँदै आएका छन्। शहबाजले अहिले पनि भ्रष्टाचारको मुद्दा खेपिरहेका छन्। सन् २०१९ डिसेम्बरमा पाकिस्तानको भ्रष्टाचार निवारण आयोग नेशनल एकाउन्टिबिलिटी ब्युरोले शहबाज र उनका छोरा हम्जाका दुई दर्जन घरजग्गा नियन्त्रणमा लिएर सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा अनुसन्धान शुरू गरेको थियो। सोही मुद्दामा सन् २०२० सेप्टेम्बरमा उनी पक्राउ पनि परेका थिए। अहिले पनि उनीमाथि सो मुद्दा चालू छ र उनी जमानतमा जेल बाहिर छन्।

पाकिस्तानका नवनिर्वाचित प्रधानमन्त्री शहबाज शरीफ पाकिस्तानमा तीनपटक प्रधानमन्त्री भइसकेका भूतपूर्व प्रधानमन्त्री नवाज शरीफका भाइ तथा पञ्जाब प्रान्तका भूतपूर्व मुख्यमन्त्री हुन्। उनी मुख्यमन्त्री हुँदा पञ्जाबमा ठूल्ठूला पूर्वाधार आयोजना सम्पन्न भएका छन्। उनी समन्वयकारी नेता मानिन्छन्। शहबाज पाकिस्तानको शक्तिशाली सेना तथा नागरिक सरकारबीच समन्वयको पक्षपाती हुन्। तथापि उनका आलोचकहरू भने उनी मुख्यमन्त्री रहँदा प्रान्तको स्वास्थ्य तथा कृषि सुधारलाई बेवास्ता गरेको आरोप लगाउँछन्। शहबाज शरीफ पाकिस्तानको एक धनाढ्य औद्योगिक घरानाबाट आएका छन्। सन् २०१७ मा पाकिस्तानको सर्वोच्च अदालतले नवाज शरीफलाई भ्रष्टाचारी ठहर गर्दै प्रधानमन्त्री हुन अयोग्य ठहर गर्ने निर्णय गरेपछि उनी बर्खास्त भएका थिए। यद्यपि नवाज शरीफलाई अहिले पाकिस्तानमा सर्वाधिक अनुभवी, परिपक्व, गम्भीर तथा सुझबुझ भएको लोकतान्त्रिक नेता मानिन्छ।

# स्थानीय तह निर्वाचनलाई फर्केर हेर्दा : यसपटक एकै चरणमा निर्वाचन

काठमाडौं, १४ वैशाख/रासस

नेपालमा प्रजातन्त्रको पुनर्बहाली भएपछि २०४९ सालबाट स्थानीय तहको निर्वाचन शुरू भएको हो। अहिलेसम्म तीनवटा स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ भने यही वैशाख ३० गते चौथोपटक स्थानीय तहको निर्वाचनमा मुलुक जुटिरहेको छ।

नेपालमा स्थानीय तहको निर्वाचन २०४९, २०५४ र २०७४ साल गरी तीनपटक सम्पन्न भइसकेका छन्। विगतको निर्वाचनलाई हेर्दा सधैं नै दुई वा तेस्रो चरणमा निर्वाचन भएको देखिन्छ। तर यसपटक भने सरकारले एकैपटक वैशाख ३० गते देशभर निर्वाचन गर्न थालेको छ। निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउनका लागि पहिलोपटक एकै चरणमा निर्वाचन गर्न थालिएको बताए।

"दुई/तीन चरणमा निर्वाचन हुँदा एक ठाउँको मतदाता फेरि अर्को ठाउँमा फर्जी मत खसाल्न जान सक्छन्," उनले भने, "निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउनका लागि एकै चरणमा निर्वाचन गर्न थालिएको हो।" गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले मुलुकको सुरक्षास्थित मजबूत भएकोले एकै चरणमा निर्वाचन गराउन थालिएको बताए। "यसपटक कुनै आपराधिक क्रियाकलापमा संलग्न कुनै पनि राजनीतिक दल तथा सङ्घसङ्गठन छैनन्," उनले भने, "निर्वाचन बिथोल्ने कुनै गतिविधि नदेखिएकाले एकै चरणमा निर्वाचन गराउन सरकार तयार भएको हो।"

निर्वाचनमा एक लाख ६८ हजार सुरक्षाकर्मी र एक लाख म्यादी प्रहरी परिचालन गर्न थालिएको छ। प्रजातन्त्र पुनर्बहाली भएपछि २०४९ सालमा दुई





तस्वीर: रासस

चरणमा तीन हजार ९९५ गाउँ विकास समिति र ३६ नगरपालिकामा स्थानीय तहको निर्वाचन भएको थियो। २०४९ जेठ १४ गते र जेठ १८ गते सो निर्वाचन सम्पन्न भएको थियो। जेठ १४ गते दुई हजार ३० गाविस र ११ नगरपालिका तथा जेठ १८ गते एक हजार ९६५ गाविस र २५ नगरपालिकामा निर्वाचन भएको थियो। २०४९ सालदेखि नै १८ वर्ष उमेर पुगेकालाई मताधिकारको प्रयोग गर्न दिइएको थियो। त्योभन्दा अगाडि २१ वर्ष उमेर पुगेकाले मात्र मतदान गर्न पाउथ्ये। २०४९ सालमा पाँच राजनीतिक दलले निर्वाचनमा सहभागिता जनाएका थिए।

यस्तै, २०५४ सालमा पनि दुई चरणमा स्थानीय तहको निर्वाचन भएको थियो। २०५४ जेठ ४ गते र १३ गते गरी दुई चरणमा निर्वाचन सम्पन्न भएको थियो। त्यति बेला तीन हजार ९१३ गाविस र ५८ नगरपालिका रहेका थिए। पहिलो चरणमा परेका १८२१ गाउँ विकास समिति, २३ नगरपालिका र एक उपमहानगरपालिका तथा दोस्रो चरणमा ३५ जिल्लाका दुई हजार ९१ गाविस, एक महानगरपालिका, दुई उपमहानगरपालिका र ३१ नगरपालिकामा निर्वाचन भएको थियो। यस्तै गणतन्त्र स्थापनापछि झन्डै २० वर्षपछि भएको स्थानीय तहको निर्वाचन तीन चरणमा सम्पन्न भएको थियो। २०७४ वैशाख ३१ गते वाग्मती, गण्डकी र कर्णाली प्रदेश, २०७४ असार १४ गते प्रदेश नं १, लुम्बिनी र सुदूरपश्चिम प्रदेश तथा २०७४ असोज २ गते मधेस प्रदेशमा गरी तीन चरणमा निर्वाचन सम्पन्न भएको थियो।

विसं २०४९ मा ४४ हजार ५३९ जनप्रतिनिधि चयन भएका थिए भने २०७४ सालमा छवटा महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिकामा गरी ७५३ स्थानीय तहमा प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्ष, छ हजार ७४३ वडाध्यक्ष, सोही सङ्ख्यामा महिला सदस्य र दलित महिला सदस्य तथा १३ हजार

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

अर्थ - उद्योग - वाणिज्य

# स्थानीय निर्वाचनः जनता र नेताले जान्नुपर्ने आर्थिक विषय

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**स्थानीय विकासमा राजनीतिक दल होइन, स्थानीय प्रतिनिधिको भूमिका महत्त्वपूर्ण हुने भएकोले हामी कुनै एक राजनीतिक दलको व्यक्तिलाई चुनावमा विजयी गराउनुको साटो सक्षम र इमानदार व्यक्तिलाई विजयी गराउनुपर्छ ।**

स्थानीय चुनाव नजीकिँदै गर्दा नेताहरू आफ्‍ना अनेक प्रतिज्ञा र योजानहरू जनतालाई सुनाउन व्यस्त छन् भने जनता नेताका प्रतिज्ञा र योजनाहरूको विश्लेषण गर्न र बुझ्न प्रयत्नरत रहेको देखिएको छ । नेताहरूले जनतासमक्ष आफ्‍ना राजनीतिक योजनाहरू कमै तर आर्थिक योजनाहरू अति नै धेरै राखेको पाइएको छ । विजय हासिल गरेमा सो तोकिएको स्थान (गाउँपालिका वा नगरपालिक) मा उच्च तहसम्मको शिक्षा निश्शुल्क गरिदिने, स्वास्थ्य सेवा र औषधी निश्शुक्क गरि दिने, गरीबहरूलाई भत्ता प्रदान गर्ने, जेष्ठ नागरिक भत्ता वृद्धि गरिदिने, युवाहरूलाई बेरोजगार भत्ता दिने, सडक एवं पुलहरूको विस्तार गर्ने । यस्ता पचासौं किसिमका आर्थिक प्रतिज्ञाहरू नेताहरूले मतदातासमक्ष राखिरहेका छन् ।

आउनुहोस् यस लेखमा नेताहरूले मतदातासमक्ष गरिरहेका अनेक आर्थिक प्रतिज्ञाहरू पूरा गर्ने क्षमता उनीहरूमा छ कि छैन ? छ भने कसरी छ ? छैन भने नेताहरूले किन मतदाता समक्ष भ्रूटो बोलिरहेका छन् ? भन्ने विषयमा छलफल गरौं ।

सर्वप्रथम त के उल्लेख गर्न जरूरी छ भने स्थानीय निर्वाचनमा देशभरि विभिन्न पदका लागि उम्मेदवारी दिनेमध्ये नब्बेदेखि पन्चान्बे प्रतिशत उम्मेदवारलाई नेपालको अर्थ व्यवस्थाको स्वरूप र प्रकृति नै थाहा छैन । देशको अर्थ व्यवस्थाको रूप र प्रकृति थाहा नै नभएर उनीहरूले हावादारी कुरा गरिरहेका छन् । पाँचदेखि दश प्रतिशत उम्मेदवारहरूलाई नेपालको अर्थ व्यवस्थाको प्रकृति थाहा भए पनि आफू विजयी भएमा अनेक किसिमका आर्थिक कार्यक्रमहरू कार्यान्वयन गर्ने हैसियत बाहिरको भ्रूटो बोलिरहेका छन् । आफू केही पनि गर्न नसक्ने र जनता समक्ष भ्रूट बोल्नुपर्ने यथार्थ उनीहरूलाई राम्ररी थाहा छ ।

अब सङ्क्षिप्तमा नेपालको आर्थिक अवस्थाको कुरा गरौं । विश्वका एक सय अति निर्धन राष्ट्रहरूमध्ये नेपाल ४१ औं अति निर्धन राष्ट्र हो । सर्वाधिक गरीब राष्ट्रहरूको सूचीमा बुरुन्डी, सोमालिया, मध्य अफ्रिकी गणतन्त्र, कंगो र मोजाम्बिक क्रमशः १, २, ३, ४ र ५ औं गरीब राष्ट्रमा पर्दछन् । नेपाल एक अति नै निर्धन राष्ट्र हो, यो तथ्य सबै नेपालीलाई थाहा छ । नेपालको आफ्‍नो उद्योग र व्यापार सन्तोषजनक स्थितिमा नरहेकोले देशको ठूलो जनशक्ति वैदेशिक रोजगारमा छ । विदेशबाट नेपाली नागरिकहरूले पठाएको रेमिट्यान्सले देशको अर्थतन्त्र धानेको छ । देश चलाउनका लागि आवश्यक खर्च नेपालले मुख्यरूपमा रेमिट्यान्स एवं वैदेशिक सहयोग तथा अनुदानबाट प्राप्त गर्छ । अर्थात् विदेशी सङ्गठन र सरकारहरूले नेपाललाई सहयोग नगर्ने हो र नेपालीहरूले विदेशबाट कमाएर नेपालमा पैसा नपठाउने हो भने नेपालमा सरकारी कर्मचारीहरूलाई तलब भुक्तान गर्न पनि कठिन हुन्छ । नेपालको कृषि र व्यापार, दुवै क्षेत्र सन्तोषजनक हुन नसकेकोले नेपालको आफ्‍नो आन्तरिक स्रोत अति नै कमजोर हुन पुगेको छ । खाद्यान्न, फलफूल, तरकारी आदि पनि नेपालले ठूलो परिमाणमा आयात गर्नुपर्ने स्थिति छ ।

नेपालमा ठूला-ठूला भवन, सडक, पूल आदि अन्य मित्र राष्ट्रहरूले निर्माण गरिदिनु पर्ने हुन्छ । विगतमा यस्तै भएको छ । नेपालको सर्वाधिक ठूलो महेन्द्र राजमार्ग तत्कालीन सोभियत रूसले निर्माण गरिदिएको हो ।

देशको आर्थिक स्थिति अति कमजोर रहेको स्थितिमा स्थानीय तहको निर्वाचनमा उम्मेदवार हुनेहरूले म विजयी भएमा यस किसिमका आर्थिक (सहयोगका) कार्यक्रमहरू ल्याउँछु भन्नु गलत मात्र होइन, भ्रामक पनि हो । केही अपवाद-जस्तै काठमाडौं, ललितपुर, भक्तपुर, वीरगंज, विराटनगर आदि) बाहेक नेपालका प्रायः सबै नगर एवं गाउँपालिकहरूसँग आफ्‍नो बलियो आर्थिक स्रोत छैन । स्थानीय विकासका लागि उनीहरूले सङ्घीय वा केन्द्रीय सरकारसँग पैसा माग्नुपर्ने स्थिति छ । यस्तो स्थितिमा उम्मेदवारी दिनेहरूले म मतदाताहरूलाई यस्तो आर्थिक सुविधा दिन्छु भन्नु सरासर गलत होइन र ?

नेपालका लगभग सम्पूर्ण स्थानीय निकायहरू गरीब रहेकाले त्यहाँको (स्थानीय) आम्दानीले स्थानीय विकास हुन सम्भव छैन । स्थानीय निकायहरूले आफूले आम्दानी गरेर स्थानीय व्यक्तिलाई अनेक आर्थिक सुविधाहरू उपलब्ध गराउनु सम्भव छैन । यस्तो स्थितिमा कुनै उम्मेदवारले म चुनावमा विजयी भएमा मेरो पालिकाभित्र रहेका सम्पूर्ण बेरोजगार युवालाई बेरोजगारी भत्ता उपलब्ध गराउँछु भन्नु भ्रूटो सपना बाँड्नु हो भने मतदाताले आफूलाई आफैंले ठग्नु हो ।

यो स्थानीय चुनावमा हामी मतदाताहरूले उम्मेदवारहरूको भ्रूटो आर्थिक राहत वा सुविधामा विश्वास गरेर उनीहरूलाई मत दिनुको साटो उनीहरूमा स्थानीय स्तरमा आर्थिक स्रोतको विकास गर्ने क्षमता छ कि छैन त्यो कुरा विचार गर्नुपर्छ । आफूले रोजेको उम्मेदवारले आफ्‍नो क्षेत्रमा कृषि, व्यापार, उद्योगको विकासमा के कस्तो योगदान पुर्याउन सक्छ त्यो विचार गर्नुपर्छ । उसको कार्यकुशलता एवं बौद्धिकतामा विश्वास गर्नुपर्छ । उसले स्रोत र साधनको उचित किसिमले उपयोग गरेर स्थनीय स्तरमा आय सृजना गर्न सक्छ कि सक्दैन त्यो विचार गर्नुपर्छ ।

कुनै पनि गाउँ वा नगरपालिकाको आर्थिक विकासको लागि चाहिने मुख्य आर्थिक स्रोत भनेको नै स्थानीय कर हो । स्थानीय आम्दानी हो । कुनै एक गाउँपालिकाको आर्थिक विकासमा त्यहाँका जनप्रतिनिधिले सक्रिय योगदान पुर्‍याएर कृषि, व्यापार, उद्योगको विकास गरेका छन् भने त्यस स्थानका युवाहरूले स्थानीय स्तरमा नै रोजगार पाउँछन् । स्थानीय उद्योग एवं व्यापारले राम्रो आम्दानी गरेको हुनाले ती उद्योग एवं व्यापारहरूले राम्रो परिमाणमा कर भुक्तान गर्छन् । स्थानीय कर राम्रो परिमाणमा प्राप्त भएकोले त्यो करलाई जनप्रतिनिधिहरूले त्यसको क्षेत्रको शिक्षा, स्वास्थ्य, निर्माणमा लगानी गर्न सक्छन् । र त्यस किसिमको कार्य गर्न उनीहरूले कोषको लागि केन्द्रको मुख ताक्नुपर्दैन ।

हामीले उम्मेदवारहरूमा हेर्नुपर्ने प्रमुख गुण हो उम्मेदवारको बौद्धिक क्षमता, आफ्‍नो स्थानको विकास गर्ने तत्परता तथा इमानदारी एवं निष्पक्षता । यी महत्त्वपूर्ण कुरा हुन् । मैले यो दलको व्यक्तिलाई चुनावमा विजयी गराउनुपर्छ भन्ने होइन कि त्यो व्यक्तिमा हाम्रो स्थानको विकास गर्ने बौद्धिक क्षमता भएकोले उसलाई नै चुनावमा विजयी गराउनुपर्छ भन्ने हामीले विचार राख्नुपर्छ र सोही अनुसार व्यवहार पनि गर्नुपर्छ । स्थानीय विकासमा राजनीतिक दल होइन, स्थानीय प्रतिनिधिको भूमिका महत्त्वपूर्ण हुने भएकोले हामी कुनै एक राजनीतिक दलको व्यक्तिलाई चुनावमा विजयी गराउनुको साटो सक्षम र इमानदार व्यक्तिलाई विजयी गराउनुपर्छ ।

धनी एवं विकसित राष्ट्रहरूमा स्थानीय निकाय आर्थिकरूपमा निकै बलिया हुन्छन् । आफ्‍नो शहर वा गाउँका लागि उनीहरू आफैंले (स्थानीय करको माध्यमबाट) आय सृजना गर्छन् । विकसित देशहरूमा एउटा शहरले आफ्‍ना नागरिकलाई सुरक्षाका लागि आवश्यक प्रहरी, शिक्षा, अस्पताल आदिको खर्च आफैंले बेहोरेका हुन्छन् । अर्थात् स्थानीय स्तरमा उठेको कर एवं अन्य आम्दानीले नै स्थानीय स्तरमा उपलब्ध गराइएका खर्चहरूको भुक्तानी गर्छन् । त्यस्ता खर्चका लागि केन्द्रको भर पर्दैनन् । यहाँसम्म कि आफ्‍नो शहरभित्र सडक, पुल, सार्वजनिक भवन आदि पनि आफूले उठाएको करबाट निर्माण गर्छन् ।

विकसित देशहरूमा देखिने एक महत्त्वपूर्ण सोच यहाँ उल्लेख गर्न सान्दर्भिक होला । विकसित देशमा आफ्‍नो स्थान र देशको विकासको लागि जिम्मेवार आफू नै रहेको भाव प्रत्येक नागरिकले राखेका हुन्छन् । दक्षिण एशिया वा अन्य विकासशील देशका नागरिकभ्रैं आफ्‍नो घर, सडक अगाडि फोहर गर्ने अनि सफा सरकारले गरिदेओस् भन्ने भाव राख्दैनन् । अर्थात् विकसित देशमा प्रत्येक व्यक्तिले आफ्‍नो स्थान र देशको विकासको आफू नै कर्ता (Actor) रहेको विश्वास गर्छ ।

सारांशमा यो स्थानीय निर्वाचनमा आफ्‍नो विचार यो दलसँग मिल्ने भएकोले यो दलको उम्मेदवारलाई मत दिन्छु नभनी यो व्यक्तिले हाम्रो क्षेत्रको स्थिति राम्ररी थाहा पाएको छ, त्यसकारण यो व्यक्तिले विजय हासिल गरेमा स्थानीय स्रोत र साधनको उचित किसिमले प्रयोग गरेर हाम्रो क्षेत्रको विकास गर्नेछ भनेर त्यो व्यक्तिलाई चुनावमा विजयी गराएर जनप्रतिनिधि तुल्यायौं । दक्ष, योग्य एवं इमानदार व्यक्तिलाई जनप्रतिनिधि रोजौं । यस्ता व्यक्तिले स्थानीय स्रोत र साधनहरूको उचित प्रयोग गरेर आफ्‍नो क्षेत्रलाई धनी बनाउन सक्छन् ।

यो चुनावमा पनि योग्य व्यक्ति होइन, आफूले मन पराएको व्यक्तिलाई विजयी तुल्याउने हो र उम्मेदवारहरूको भ्रूटो प्रतिज्ञाको पछाडि लाग्ने हो भने हिन्दी सिनेमाको यो गीत-'भोट लिया और खिसक गया जब कुर्सी पर चिपक गया तो फिर उसके बाद...एक तारा बोले तुन तुन तुन' गाउन मात्र सकिन्छ, आफ्‍नो क्षेत्रको विकास हुँदैन ।

# मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलमा वाइडबडी जहाज अवतरण हुँदै

-सिबी अधिकारी
काठमाडौं, १५ वैशाख/रासस

मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल रूपन्देहीको भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा आज वाइडबडी ए-३३० जहाजले उडान भर्दैछ ।

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)को वाइडबडी जहाजले गौतमबुद्ध विमानस्थलमा 'अप्रेशनल पर्फमेन्स टेस्ट फ्लाइट' गर्न लागेको हो । उक्त प्रयोजनका निम्ति निगमको वाइडबडी जहाज दिउँसो ३ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेर करीब ४५ मिनेटको उडानपश्चात् गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण हुनेछ । जुन नेपालको उड्डयन इतिहासमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलोपटक ठूलो जहाजले उडान भर्न लागेको हो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको ७४ वर्षपछि अर्को नयाँ अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक इन्जिनीयर प्रदीप अधिकारीले नेपालमा दोस्रो विमानस्थल औपचारिकरूपमा सञ्चालनमा आउनु मुलुकका लागि महत्त्वपूर्ण उपलब्धि भएको बताए । उनले भने-"नेपालको भूमिमध्ये काठमाडौंबाहेक अन्य भूमिमा पहिलोपटक वाइडबडी जहाज अवतरण गर्दैछ । नेपालको हवाई क्षेत्रको इतिहासको ७४ वर्षे इतिहासमा यो कोसेढुङ्गा भएको छ । अहिलेसम्म ठूला जहाज काठमाडौंमा मात्र उडान अवतरण गरिरहेका थिए ।"

प्राधिकरणका अनुसार आजदेखि नै तराई क्षेत्रका अन्तरिक विमानस्थल दैनिक १८ घण्टा सञ्चालन हुँदैछन् । गौतमबुद्ध विमानस्थलमा पनि आजदेखि दैनिक १८ घण्टा र आगामी जेठ २ गतेदेखि २४ घण्टा अन्तर्राष्ट्रिय व्यावसायिक उडान सञ्चालन हुनेछ । महानिर्देशक अधिकारीले राष्ट्रिय गौरवको आयोजना सम्पन्न भएर पूर्ण कार्यान्वयनमा आएको पहिलो आयोजना भएको बताए ।

नेपालमा अर्को अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको र विश्वभरका एयरलाइन्सले उडान गर्न सक्छन् भन्ने सन्देश प्रवाह गर्न पनि वाइडबडी जहाजबाट 'अप्रेशनल पर्फमेन्स टेस्ट फ्लाइट' परीक्षण-उडान गर्न लागिएको हो । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको बहुप्रतिष्ठित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल गत जेठ ८ गतेदेखि विधिवत् सञ्चालनमा आइसकेको छ । यद्यपि यो विमानस्थलमा आगामी जेठ २ गते बुद्ध पूर्णिमाका दिनदेखि नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन हुनेछ । जजीरा एयरले उडान अनुमति लिएर आवश्यक तयारी गरिरहेको छ । अन्य एयरलाइन्सले पनि विमानस्थलबाट उडान भर्न चासो देखाएका छन् ।

गौतमबुद्ध विमानस्थलमा न्यारोबडी र वाइडबडी जहाजले उडान-अवतरण गर्नेछन् । यो विमानस्थलमा यान्त्रिक परीक्षण उडान (क्यालिब्रेशन फ्लाइट) सम्पन्न भइसकेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलकै क्षमतामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन हुने प्राधिकरणले जनाएको छ । गौतमबुद्ध विमानस्थल रुग्ण अवस्थामा

(बाँकी चौथो पातामा)

# साढे ४८ खर्ब बराबर पुग्यो अर्थतन्त्रको आकार

रमेश लम्साल, काठमाडौं, १५ वैशाख/रासस

एउटा मेगा परियोजना सम्पन्न हुँदा त्यसले अर्थतन्त्रमा कति ठूलो प्रभाव पार्दछ भन्ने उदाहरण माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले प्रस्तुत गरेको छ ।



माथिल्लो तामाकोशी जलविद्युत् आयोजना । तस्वीरः फाइल

कुल ४५६ मेगावाट क्षमताको सो आयोजना गत असार २१ गतेदेखि सञ्चालनमा आएको हो । सो आयोजनाले हालसम्म झन्डै रु पाँच अर्ब बराबरको बिजुली बिक्री गरेको छ । अर्थतन्त्रका जानकारहरूले एक युनिट बिजुली बराबर रु १०० बराबरको बहुपक्षीय प्रभाव पर्ने बताउँदै आएका छन् । यही आधारमा चालू आर्थिक वर्षको आर्थिक वृद्धिदरमा समेत माथिल्लो तामाकोशीले महत्त्वपूर्ण योगदान पुर्‍याएको पाइएको छ ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको सो परियोजनाले कुल छ महीना नेपालको ऊर्जा क्षेत्रलाई पूर्णरूपमा आत्मनिर्भरसमेत बनाएको छ । विभागले भनेको छ, "खासगरी माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाबाट गत आवको अन्त्यदेखि विद्युत् उत्पादन शुरू, अन्य आयोजनाको निर्माणमा भएको वृद्धि तथा औद्योगिक उत्पादनमा भएको वृद्धि आदिका कारणले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदरमा सकारात्मक प्रभाव परेको छ ।"

केन्द्रीय तथ्याङ्क विभागले आज सार्वजनिक गरेको आव २०७८/७९ को राष्ट्रिय लेखा तथ्याङ्क अनुसार आर्थिक वृद्धिदर ५.८४ प्रतिशत हुने देखिएको छ । विश्व बैंक, एशियाली विकास र आइएफएफजस्ता संस्थाले नेपालको कुल आर्थिक वृद्धिदर न्यून हुने प्रक्षेपण गरिरहेको बेला सरकारको एक निकायले भने आशातित तस्वीर सार्वजनिक गरेको हो ।

आव २०७७/७८ मा आर्थिक वृद्धिदर ४.३ प्रतिशत भएको थियो भने आव २०७६/७७ मा माइनस २.४ प्रतिशत बराबरको आर्थिक वृद्धि भएको थियो । सरकारले चालू आवमा ७.१ प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ । विभागले वृद्धिदरका विभिन्न आयाम प्रस्तुत गरेको छ । त्यसमा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर उपभोक्ता मूल्यमा ५.८४ प्रतिशत रहनेछ । यस्तै, आधारभूत मूल्यमा ५.४९ प्रतिशत र कुल उत्पादन आधारभूत मूल्यमा भने रु ७३ खर्ब ५६ अर्ब ६१ करोड बराबर रहेको छ । यस्तै, कुल मध्यवर्ती उपभोग उपभोक्ता मूल्यमा रु ३२ खर्ब ५१ अर्ब ६ करोड बराबर छ ।

चालू मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन आधार मूल्यमा रु ४१ खर्ब पाँच अर्ब ५४ करोड बराबर रहँदा चालू मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु ४८ खर्ब ५१ अर्ब ६३ करोड बराबर पुगेको छ । विभागका अनुसार चालू मूल्यमा कुल स्थिर पूँजी निर्माण रु १४ खर्ब २५ अर्ब आठ करोड बराबर छ । चालू मूल्यमा अन्तिम उपभोग खर्च रु ४४ खर्ब एक अर्ब ६७ करोड बराबर छ । चालू मूल्यमा वस्तु तथा सेवा निर्यात रु तीन अर्ब २० अर्ब ७१ करोड बराबर छ ।

यस्तै, वस्तु तथा सेवा आयात रु १८ खर्ब २० अर्ब ८२ करोड, चालू मूल्यमा कुल राष्ट्रिय बचत कुल गार्हस्थ्य उत्पादनको ३१.९५ प्रतिशत बराबर छ । कुल गार्हस्थ्य उत्पादनको १९.८१ प्रतिशत बराबरको विप्रेषण आय भएको विभागको ठहर छ । रु नौ खर्ब ६१ अर्ब सात करोड बराबरको विप्रेषण चालू आवको अन्त्यसम्म आप्रवाह हुने यसबाट देखिन्छ । प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन रु एक लाख ६४ हजार ५९८ बराबर पुगेको छ । त्यो भनेको अमेरिकी डलरमा एक हजार ३७२ बराबर हो । त्यस्तै, प्रतिव्यक्ति कुल राष्ट्रिय उत्पादन रु एक लाख ६५ हजार ६४९ बराबर पुगेको छ । त्यो भनेको अमेरिकी डलरमा एक हजार ३८१ बराबर हो ।

विगत ६० वर्षदेखि लगातार राष्ट्रिय लेखामान सार्वजनिक गर्दै आएको विभागले सन् २०११ लाई आधार वर्षका रूपमा मान्यता दिएको छ । हरेक तीन आवको विवरणलाई प्रस्तुत गर्दै चालू आवको छदेखि नौ महीनाको विवरणका आधारमा विवरण सार्वजनिक गरेको हो ।

बेमौसमी बाढी तथा पहिराका कारण गत कात्तिकमा धानखेतीमा परेको नकारात्मक असरका कारण आर्थिक वृद्धिदरमा केही समस्या देखिएको विभागको भनाइ छ । बेमौसमी वर्षा नभएको भए आर्थिक वृद्धिदर अझै माथि जान सक्ने विभागका निर्देशक ईश्वरीप्रसाद भण्डारीले जानकारी दिए ।

राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले वास्तविकतामा आधारित तथ्य तथ्याङ्कको विश्लेषण गरेर विवरण प्रकाशित गरिएकाले अन्तर्राष्ट्रिय निकायहरूको भन्दा विभागको तथ्याङ्क विश्वसनीय र भरपर्दो रहेको बताए । आयोगका सदस्य डा रामकुमार फुँयालले रूस-युक्रेन सङ्घर्षका कारण पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिका कारण नेपालको अर्थतन्त्रमा पनि प्रभाव परेको बताए । कोरोना महामारीबाट अर्थतन्त्र क्रमशः लयमा फर्किएको समेत उनको भनाइ छ ।

यस्तै, विभागका महानिर्देशक नेविनलाल श्रेष्ठले चालू आवमा कुल आयात कुल २० खर्ब बराबर पुग्ने अवस्था देखिएको जानकारी दिए । यस्तै, निर्यात भने रु तीन खर्ब २० अर्ब बराबर पुग्ने देखिएको छ ।

# वैदेशिक ऋणमा उपभोग खर्च र आर्थिक समृद्धि

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**राज्यले वार्षिक बजेट तथा दीर्घकालीन कार्यक्रममा उपभोग खर्च घटाई आयातमा आधारित राजस्वलाई आन्तरिक आयले प्रतिस्थापन गर्दै निजी तथा सरकारी लगानीमा उल्लेखनीय वृद्धि गर्नु अहिलेको आवश्यकता हो ।**

समृद्ध मुलुक निर्माणका लागि आर्थिक विकास स्थिर हुनु अति आवश्यक छ। हुनत वार्षिक आर्थिक वृद्धिको आधार कुल गार्हस्थ्य उत्पादन हो भने वित्तीय स्थिरताको आधार चालू खाताका साथै भुक्तानी सन्तुलनलाई लिने गरिन्छ। खर्चका आधारमा देशको कुल गार्हस्थ्य उत्पादनले वर्षभरि मुलुकमा हुने वस्तु तथा सेवाको अन्तिम खपत (उपभोग तथा लगानी) र निकासीमा आयातित वस्तु तथा सेवा घटाई वार्षिकरूपमा वृद्धिको हिसाब निकालिन्छ। वित्तीय क्षेत्रमा विश्वका अन्य देशसँग भएका व्यापारिक कारोबार, अन्य भुक्तानी, अनुदान, रेमिट्यान्सलगायतको हिसाब गरी चालू खाता, पूँजीगत कारोबारको पूँजीगत खाता र वित्तीय कारोबारको वित्तीय खाताको घाटा-नाफाबाट भुक्तानी सन्तुलन तयार गरिन्छ।

कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवाको अन्तिम खपतमा आयात गरिएका वस्तु तथा सेवाको समेत गणना हुन जान्छ। उपभोग तथा लगानी बढ्दै जाँदा वस्तु तथा सेवाको आयात बढी भएको अवस्थामा चालू खातामा नकारात्मक असर पर्छ। वैदेशिक ऋण लिने तर उपभोगमार्फत कुल गार्हस्थ्य उत्पादन बढाउँदा देशलाई दीर्घकालीन नकारात्मक असर पर्छ र देशले वैदेशिक ऋण भुक्तानी गर्न सक्ने क्षमता शिथिल हुन्छ। अर्थ मन्त्रालयका अनुसार मुलुकमा हरेक वर्ष रु २ खर्बभन्दा बढीले सार्वजनिक ऋण थपिँदै गएको छ। आर्थिक वर्ष २०७७-७८ मा नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण रु १७ खर्ब २९ अर्ब पुगेको छ।

आर्थिक वर्ष २०७३-७४ को तुलनामा गत आर्थिक वर्षको अन्त्यसम्म यस्तो ऋण करीब १४८ प्रतिशतले बढेको तथ्याङ्क छ। आर्थिक वर्ष २०७३-७४ मा कुल तिर्न बाँकी सार्वजनिक ऋण ६ खर्ब ९८ अर्ब रहेको थियो। यो सोही अवधिको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को २२.७ प्रतिशत हो। गत आर्थिक वर्षमा तिर्न बाँकी सार्वजनिक ऋण जिडिपीको ४०.५ प्रतिशत पुगेको छ। जिडिपीका हिसाबले यो हालसम्मकै उच्च हो। गत आर्थिक वर्षको अन्त्यसम्म कुल तिर्न बाँकी ऋणमध्ये रु ८ खर्ब १ अर्ब आन्तरिक ऋण र ९ खर्ब २८ अर्ब बाह्य ऋण छ। यसरी सार्वजनिक ऋणको भार बढ्दै जाने र त्यसको उत्पादनशील क्षेत्रमा परिचालन हुन नसक्ने अवस्थाले भविष्यमा विकासका लागि स्रोतको अभाव हुन सक्ने र विकास वित्त परिचालनका लागि उच्च लागत पर्न जाने जोखिम बढेको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको एक प्रतिवेदनले विगत तीन वर्षदेखि नेपालको चालू खाता निरन्तर घाटामा रहँदै आएको छ। चालू आर्थिक वर्षको पहिलो आठ महीनामा चालू खाता रु ४६२ अर्ब ९३ करोडले घाटामा गएको तथ्याङ्क छ। त्यस्तै पूँजीगत ट्रान्सफर रु सात अर्ब नाफामा रहेको र वित्तीय कारोबार ५० प्रतिशतले वृद्धि भई रु १७५ अर्ब ५५ करोड नाफा रहेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ। कुल गार्हस्थ्य उत्पादनमा विगत ११ वर्षमा सरकारले उठाएको ऋण रकम र सोको लगानीको अवस्थाको विश्लेषण गर्दा आर्थिक वर्ष २०७४-७५ सम्म लिएको ऋण लगानी गरेको देखिन्छ भने २०७६-७७ र २०७७-७८ मा लिएको ऋण रकम सबै लगानी नगरी उपभोगमा खर्च गरेको देखिन्छ, जुन कुल गार्हस्थ्य उत्पादनको २.५ प्रतिशत र ३.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७३-७४ बाहेक आर्थिक वर्ष २०७०-७१ देखि नै प्राप्त ऋण रकमको लगानी घट्दोरूपमा रहेको देखिन्छ। यसले आगामी वर्षमा ऋणसमेत सेवासुविधामा खर्च हुने प्रवृत्ति बढ्न सक्ने देखाउँछ। यसरी वैदेशिक ऋण लिने तर उपभोगमार्फत कुल गार्हस्थ्य उत्पादन नबढाउँदा देशलाई दीर्घकालीन नकारात्मक असर पर्छ, वैदेशिक ऋण भुक्तानी गर्न नसक्ने अवस्था पनि सिर्जना हुन सक्छ।

कुल गार्हस्थ्य उत्पादनमा आयातित वस्तु तथा सेवाको उपभोगको मुख्य भूमिका रहँदा यसले विभिन्न प्रश्न उब्जाउँछ। के आफैं ऋण तथा अनुदानको रकम उपभोगमा खर्च गर्ने सरकारले निजी क्षेत्रको उपभोगमा नियन्त्रण गर्न सक्छ ? सहुलियतपूर्ण ऋण निजी क्षेत्रले उपभोगमा पनि खर्च गरेको भए सरकारसँग कारबाई गर्ने नैतिकता हुन्छ कि हुँदैन ? हालको सीपविहीन मानव स्रोतले भित्र्याएको रेमिट्यान्सले सदैव निरन्तरता पाउँछ कि पाउँदैन ? अहिलेको सूचना प्रविधिको युगमा राज्य संयन्त्रले प्रत्येक व्यक्तिको पकेटमा कति नगद छ, त्यसको हिसाब निकाल्न सक्दैन र ? वा अन्तर्निकाय विवादमैं तरलताको समस्या देखाई जनतालाई झारा टार्ने काम मात्र गर्ने हो ? के आयोजनाहरूमा हुने लगानी रकम कमिशन तथा घूसमार्फत पुनः अनुत्पादक क्षेत्रमा परिचालन हुन्छ ? हुन्छ भने कति प्रतिशत होला ? यसरी अनुत्पादक क्षेत्रमा भएको लगानी विलासी सेवासुविधामैं खर्च हुने सम्भावना बढी रहन्छ, जसलाई नेपालको आन्तरिक उत्पादन हुने क्षेत्रले समेट्न सक्दैन। त्यसैले सुशासनयुक्त मार्गबाटै समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्न सकिन्छ। यसतर्फ राज्य समयमैं गम्भीर हुनुपर्दछ।

हुनत सरकारले कुल रेमिट्यान्स रकममध्ये अधिकांशलाई जलविद्युत्सहित उत्पादनमूलक क्षेत्रमा लगाउने योजना घोषणा गरेको पनि वर्षौं भइसकेको छ। तर योजना अनुसार काम नगर्दा वैदेशिक रोजगारबाट भित्रिने रेमिट्यान्स धेरैजसो अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ। यस्तो अवस्थामा सरकारले बनाउने भनेको 'रेमिट हाइड्रो'को योजना अध्ययनमैं सीमित भएको छ। सरकारले उचित योजना नबनाउँदा उत्पादनमूलक क्षेत्रमा खर्च हुन सक्ने रेमिट्यान्स पनि उपभोगमा नै सकिँदैछ। यसले विदेशबाट हुने आयात बढेर भन्सार राजस्व बढाउन भूमिका त खेलेको छ, तर त्यसले अर्थतन्त्रलाई लाभ दिन सक्दैन। हाल आयातमा आधारित राजस्वलाई विदेशमा श्रम गर्न गएका नागरिकले पठाएको रेमिट्यान्सले धानिरहेको देखिन्छ। त्यसैले रेमिट्यान्सबाट भएको उपयोगमा आधारित आयातमा हाम्रो राजस्व बढी निर्भर बन्न पुगेको छ।

**रेमिट्यान्स कहाँ खर्च हुन्छ ?**

विदेशबाट आउने रेमिट्यान्स के प्रयोजनमा खर्च हुन्छ भन्ने यकीन तथ्याङ्क सरकारसँग छैन। तर वैदेशिक रोजगार बोर्डले गरेको रेमिट्यान्स उपयोगको अवस्था बारे अध्यनन प्रतिवेदनले भने वैदेशिक रोजगारबाट आर्जन भएको रेमिट्यान्सको अधिकांश हिस्सा घर-व्यवहार, पढाइ, औषधि उपचारसहित उपभोग्य तथा विलासी वस्तु खरीदमा खर्च भइरहेको देखाएको छ। अध्ययन अनुसार करीब ९२ प्रतिशत रकम उपभोग तथा ऋण चुक्तामा र ८ प्रतिशत बचत तथा व्यवसायमा लगानी हुने गरेको पाइएको छ। करीब १२ प्रतिशत घरजग्गामा हुने लगानीलाई उपभोग नमान्ने हो भने पनि ८० प्रतिशत हिस्सा उपभोगमैं खर्च हुने गरेको देखिन्छ। अध्ययनले १६.१ प्रतिशत रेमिट्यान्स रकम दैनिक घरायसी खर्चहरूमा भइरहेको पाइएको छ। अध्ययन अनुसार रेमिट्यान्सको १६ प्रतिशत हिस्सा नुन, तेल लुगाफाटामा खर्च हुने गरेको छ। रेमिट्यान्स रकमको १५.५ प्रतिशत औषधि उपचारको लागि र १४.६ प्रतिशत विदेश जाँदाको ऋण तिर्न खर्च भइरहेको पाइएको छ। यसैगरी १३.६ प्रतिशत रकम छोराछोरी र परिवारको पढाइमा खर्च हुने गरेको देखिएको छ। त्यस्तै ९ प्रतिशत रेमिट्यान्स भने विवाह, उत्सवसहित सुन किन्न खर्च हुने गरेको देखिएको छ। ७.३ प्रतिशतले विदेश जाँदाभन्दा बाहेकको अरू ऋण तिर्न खर्चिएको बताएका छन्। ५.७ प्रतिशत रेमिट्यान्स रकम भने बैंक सहकारी लगायतमा बचतमा रहेको पाइएको छ। ४.८ प्रतिशत रकम टिभी, फ्रिज, मोबाइल जस्ता उपभोग्य सामानमा खर्च हुने गरेको देखिएको छ। ३.९ प्रतिशत रकम नयाँ घर बनाउन, ३.९ प्रतिशत जग्गा किन्न तथा ३.७ प्रतिशत घरको मरम्मत गर्न खर्च हुने गरेको छ। २ प्रतिशत रेमिट्यान्स रकम मात्रै व्यापार-व्यवसाय विस्तार गर्न र नयाँ व्यापार शुरू गर्न प्रयोग भइरहेको पाइएको छ। जग्गा किन्नेमध्ये ५७ प्रतिशतले आफ्नै गाउँमा जग्गा जोडेको पाइएको छ। २०.९ प्रतिशत गाउँ छेउको गाडी पुग्ने ठाउँमा र १८.६ प्रतिशतले राजमार्ग नजीक र ३.५ प्रतिशतले जिल्लाको सदरमुकाममा वा त्यस नजीकको जग्गा किनेको पाइन्छ।

अध्ययन अनुसार ४४ प्रतिशत श्रमिकले विदेशमा 'एकदम थोरै' खर्च गर्ने परेको बताएका छन् भने ४४.३ प्रतिशत नेपालीले आधाभन्दा कम रकम मात्रै विदेशमा खर्च हुने गरेको बताएका छन्। ८.७ प्रतिशतले भने 'आधा र आधाभन्दा बढी खर्च गर्ने गरेको बताएका छन्। ३-३ महीनामा आफ्नो पारिश्रमिक नेपाल पठाउनेको सङ्ख्या ६४.९ प्रतिशत छ। महीनैपिच्छे पठाउने १८.९ प्रतिशत छ भने ९.४ प्रतिशतले ६-६ महीनामा पठाउने गरेको बताएका छन्। ५.४ प्रतिशत श्रमिकले २ महीनामा एक पटक र १.४ प्रतिशतले वर्षमा एकपटक मात्रै पैसा पठाउने गरेको बताएका छन्। यसरी रेमिट्यान्सबाट आएको रकम अनुत्पादक क्षेत्रमा लगानी गर्ने प्रवृत्ति अन्त्य नभएसम्म मुलुको आर्थिक समृद्धि हुन सक्दैन।

त्यसैले आर्थिक अनुशासन कायम नगर्ने हो भने वैदेशिक ऋण तथा ब्याजको भार बढ्दै जान्छ। चालू कारोबारका साथै वित्तीय कारोबारसमेत बिग्रिने अवस्था रहन्छ। यसलाई सुधार्न थप ऋण लिनुपर्ने अवस्था आउँछ र वैदेशिक ऋण नै कुल गार्हस्थ्य उत्पादनभन्दा बढी हुनेछ। अन्ततः अहिलेको युवा पुस्ताले वृद्धावस्थामा र हालका बच्चाले युवावस्थामा त्यसको मूल्य चुकाउनुपर्ने सम्भावना प्रबल हुन्छ। त्यसैले राज्यले वार्षिक बजेट तथा दीर्घकालीन कार्यक्रममा उपभोग खर्च घटाई आयातमा आधारित राजस्वलाई आन्तरिक आयले प्रतिस्थापन गर्दै निजी तथा सरकारी लगानीमा उल्लेखनीय वृद्धि गर्नु अहिलेको आवश्यकता हो।

# नबिल बैंक जीतपुर शाखा उद्घाटन

प्रस, जीतपुर, १५ वैशाख/

नबिल बैंकले १२९औं शाखा बाराको जीतपुरमा विस्तार गरेको छ। बिहीवार नेपाल राष्ट्र बैंक, वीरगंजका निर्देशक राजनदेव भट्टराईले शाखा कार्यालयको उद्घाटन गरेका थिए।



तस्वीरः प्रतीक

कार्यक्रममा जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष सञ्जय साह, नबिल बैंक मधेस प्रदेशका प्रमुख दीपककुमार श्रेष्ठ, नितिन नन्दवाना, मोहन शर्मालगायतले मन्तव्य राखेका थिए।

बैंकको व्यवस्थापन कमिटीका सदस्य तथा बैंकका प्रमुख सञ्चालन अधिकृत गणेशप्रसाद अवस्थीको अध्यक्षतामा भएको कार्यक्रममा शाखा प्रबन्धक सुमित टिबडेवालले स्वागत र नम्रता प्रधानले कार्यक्रम सञ्चालन गरेका थिए।

# आकाशीय ग्रह अनुसन्धान गरिने

काठमाडौं, १५ वैशाख/रासस

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले आकाशीय ग्रह र पात्रोका लागि गरिने गणितमा मेल गराउन अनुसन्धान शुरू गर्ने भएको छ। आकाशीय ग्रह र पात्रोमा उल्लेख गरिने ग्रहगतिका विषयमा फरक पर्न थालेपछि अनुसन्धान गर्न समितिले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलगायत सरोकार भएका निकायबीच छलफल शुरू गरेको छ।

आकाशीय ग्रह गति र पात्रोमा राखिने समयको सिद्धान्त पत्ता लगाएर त्यसलाई क्रियात्मक रूप दिन लागिएको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले जानकारी दिए।

यसका लागि वेदशाला स्थापना गर्न पनि मन्त्रालयसँग माग गरिएको उनले सुनाए। आकाशीय ग्रह र गणित एकै रथका दुई पाङ्ग्रा भएकाले अध्ययन अनुसन्धानका लागि वेदशाला अत्यावश्यक भएको समितिको भनाइ छ। आकाशमा जस्तो ग्रह गति छ गणितमा दुरुस्त उतार्न अनुसन्धानमा ढिलाइ भइसकेको छ। अनुसन्धानबाट गणितमा के सुधार गरिनुपर्छ भन्ने प्रस्ट हुने भएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले बताए।

# घट्दै सुनचाँदी मूल्य

काठमाडौं, १५ वैशाख/रासस

सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य प्रतितोला रु एक हजारले ओरालो लागेर रु ९८ हजार तोकिएको छ। यस साताको पहिलो दिनदेखि नै सामान्य मूल्यमा ओरालो लाग्दै आएको पहेंलो धातु बुधवार प्रतितोला रु ९९ हजारमा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९७ हजार ५०० छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९८ हजार ५०० थियो। त्यस्तै आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु २० ले घटेर रु एक हजार ३२० मा आएको महासङ्घले जनाएको छ।

अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ८७७ डलर आसपास कारोबार भइरहेको छ।

# रेमिट्यान्स : गाउँ रित्तियो, शहर उँभो लाग्यो

गलेश्वर, १५ वैशाख/रासस

करीब तीन दशक अघिसम्म ढुङ्गा र खरले छाएका र पाली हालेका गाउँले पाराका घर हुन्थे, गाउँघरमा संयुक्त परिवार हुनथ्यो। दशैं-तिहारजस्ता चाडपर्व आउँदा सेतो कमेरो र रातो माटोले लिपपोत गर्दा घर चिटिक्क देखिन्थे। गाउँ नै उज्यालो हुन्थ्यो। घरनजीकै गाईगोठ र भैंसीगोठ हुन्थ्यो। परालका माच, मकैका कुन्यू र नलको चाङ हुन्थ्यो।

घर पछाडि करेसाबारी, लेकबेंसीमा खेतबारी र तिनै खेतबारीमा काम गरिरहेका गाउँका युवा, प्रौढप्रौढाको रौनक नै बेग्लै हुन्थ्यो। खेतमा धान, मकै, गहुँ, भटमास फल्थ्यो। बारीमा मकै, कोदो, मास, भटमास, बोडी, तोरी, तरूल, आलु, सखरकन्द आदि फल्थे। उखुबारीमा उखु हुन्थ्यो। खरबारीमा खर हुन्थ्यो।

गाउँका यो प्राकृतिक स्वरूप हराएको पुग नपुग ३० वर्ष भयो। २०४६ सालको राजनीतिक परिवर्तनपछि गाउँमा विकासको लहर चल्यो भने प्रकृतिमा विनाशको डोजरले सम्पदा र मौलिकता दुवैलाई भत्काउन शुरू गर्‍यो।

विसं २०४६ देखि भर्खर बामे सर्न थालेको विकासको पाइला २०५२ सालदेखि शुरू भएको तत्कालीन माओवादी विद्रोहका कारण थला पर्‍यो। २०६३ सम्मको १७ वर्ष गाउँमा विकास र पूर्वाधारको हुनसम्म खति भएपछि २०६२-६३ पछिको राजनीतिक परिवर्तनले गाउँमा पुनः विकासको लहर फैलियो। विकासको त्यो लहर सडक निर्माणमा सबैभन्दा बढी भयो।

गाउँका भीरपाखा, उर्वरफाँट र जलाशय भत्काउन थालियो। सडक खन्ने नाउँमा प्रकृतिमाथि भएको डोजर अत्याचार अहिलेसम्म रोकिएको छैन। डोजर गाउँमा पसेपछि गाउँको मौलिकता भत्कियो। आपसी भाइचारा र सामाजिक एकता पनि डोजरे विकासले भत्काउन थाल्यो। गाउँमा सडक पुगेपछि जनतालाई सुविधा त पुग्यो तर सुविधा पक्षपाती भएको स्थानीयवासीको गुनासो छ।

"सडक पुग्यो, गाडी पनि चल्यो तर गाडीमा चढ्न सक्ने र चर्को भाडा तिर्न सक्ने हाम्रो अवस्था बनेन"-मालिका-५ देवीस्थानका एकजीत बूढाले भने-"हाम्रा लागि विकास, आकाशको फल आँखा तरी मर, भनेजस्तै भयो।" गाउँमा सडक पुग्नु अघि गाउँले आफ्ना श्रमले आफू पालिएका थिए र शहरलाई पनि पालेका थिए। गाउँबाट अन्न, दाल, तेल, घीउ,

(बाँकी पाँचौं पातामा)

मुलुकको दोस्रो .....

पुगेर चाँडो प्रगति हासिल गरेको आयोजना हो। राष्ट्रिय गौरवका आयोजनामध्ये चाँडो प्रगति हासिल गर्ने नमूना आयोजना भएको प्राधिकरणको बुझाइ छ।

सन् २०१७ डिसेम्बरभित्र निर्माण सक्नेगरी सन् २०१५ को शुरूमा थालनी भएको विमानस्थलको काम बीचमा ठेकेदार कम्पनीको लापरवाहीले अवरोध भएको थियो। पछिल्लोपटक सन् २०२० को मार्चसम्म निर्माण सक्ने योजना रहे पनि कोभिड महामारीका कारण करीब पाँच वर्षपछि विमानस्थल व्यावसायिकरूपमा सञ्चालनमा आएको हो।

विमानस्थल चिनियाँ निर्माण कम्पनी नर्थवेस्ट सिभिल एभिएशन कन्स्ट्रक्शन ग्रुपले निर्माण गरेको हो। एशियाली विकास बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण भएको यो आयोजनाको पहिलो चरणमा करीब रु ११ अर्ब खर्च भएको प्राधिकरणले जनाएको छ।

अब दोस्रो चरणको टर्मिनल भवनको पनि छिट्टै निर्माण प्रक्रिया अघि बढाइने छ।

कुल ४५ मिटर चौडाइ र तीन हजार मिटर लामो धावनमार्गको यो विमानस्थललाई व्यावसायिक सञ्चालनमा आउँदा हालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चाप न्यून हुने विश्वास लिइएको छ। बढ्दो हवाई उडान चाप व्यवस्थापनका लागि प्राधिकरणले अन्तर्राष्ट्रिय विमानस्थललाई २४सैं घण्टा सञ्चालन गर्ने तयारी गरेको हो। टिआइएससहित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पनि अब २४ सैं घण्टा सञ्चालन हुने प्राधिकरणले जनाएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## अफगानिस्तानमा अज्ञात बन्दूकधारीहरूद्वारा कामदारको हत्या

काबुल, १२ वैशाख/एएनआई

अफगानिस्तानको सामंगन प्रान्तमा अज्ञात बन्दूकधारीहरूले आक्रमण गर्दा कोइलाखानीमा कार्यरत कामदार मारिएका प्रान्तका स्थानीय अधिकारीहरूलाई उद्धृत गर्दै सञ्चार माध्यमले जनाएको छ।



तस्वीर: एजेन्सी

स्थानीय तालिबानी अधिकारीहरूका अनुसार उक्त घटना मङ्गलवार दिउँसो बाल्ख प्रान्तको सिमानामा रहेको प्रान्तको दारा-ए-सोफ जिल्लाको कोटल रेगी क्षेत्रमा भएको थियो।

एक सरकारी समाचार एजेन्सीको रिपोर्ट अनुसार खानीमा काम गर्नेहरूलाई शुरूमा लुटिएको थियो त्यसपछि गोली हानिएको थियो। मारिनेहरू सबै जिल्लाका स्थानीय बासिन्दा हजारा समूहका रहेको बताइएको छ। उक्त घटनाको अहिलेसम्म कुनै पनि समूहले जिम्मेवारी लिएको छैन।

यसैबीच अफगानिस्तानभरि हालैका घटनाहरूमा थुप्रै सर्वसाधारणको हत्या भएको छ।

अफगानिस्तानका थुप्रै शहरहरूमा बम विस्फोटको स्ट्रिङले युद्धग्रस्त देशका जनतालाई आतङ्कमुक्त प्रशासन प्रदान गर्ने तालिबानीहरूको दाबीबारे प्रश्न उब्जाएको छ। विश्व समुदाय भने अफगानिस्तानमा आतङ्कवादको पुनरुत्थानबारे चिन्तित छ।

अफगानिस्तानमा तालिबानी शासनले बारम्बार विजयको दाबी गरेको र अफगानिस्तानमा शान्ति र स्थायित्वको आश्वासन दिए पनि धेरै शहरहरूमा बम विस्फोट र आक्रमणको शृङ्खलाले त्यसलाई थप चिन्तित तुल्याएको छ।

हालैका दिनमा भएका आक्रमणको क्रमको संयुक्त राष्ट्रसङ्घ, पूर्व अफगान राजनीतिज्ञहरू साथै मानव अधिकार समूहहलगायत विश्व समुदायले निन्दा गरेको छ। रासस

## संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेंस युक्रेनमा

कीभ, १५ वैशाख/सिन्हवा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेंस युक्रेन पुगेका छन्। उनले सो कुरा ट्वीट गरेर जनाएका छन्। उनले ट्वीटमा भनेका छन्- म रूसको भ्रमणपछि आज युक्रेन पुगेको छु।

बुधवार ट्वीट गरेर उनले सो कुरा जानकारी दिएको विभिन्न विदेशी सञ्चारमाध्यमहरूले जानकारी दिएका छन्।



तस्वीर: सिन्हवा

उनले युक्रेनमा रहँदा पछिल्ला केही हप्तायता रूसले गरेको आक्रमणबाट भएको क्षतिका साथै युक्रेनको अवस्थाबारे जानकारी लिनेछन्।

राष्ट्रसङ्घीय महासचिव गुटेरेंसले युक्रेनमा रहँदा यहाँका द्वन्द्वग्रस्त क्षेत्रहरूको भ्रमण गरी यहाँ आवश्यक मानवीय क्षतिको अनुगमन गरी ती क्षेत्रका नागरिकको उद्धारका लागि सहयोग गर्ने बताएका छन्। उनले जतिसक्दो चाँडो युक्रेन युद्धको अन्त्य हुनुपर्ने पनि ट्वीटमा बताएका छन्।

महासचिव गुटेरेंस हालै मात्र रूसको भ्रमणमा गएका थिए। त्यस भ्रमणका क्रममा उनले युक्रेनसँग कूटनीतिक वार्ता गरेर छिट्टै समस्याको समाधान निकाल्न र युद्ध रोक्न रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग आग्रह गरेको पनि बताएका थिए। रासस

## जातीय दङ्गामा बीसजनाको मृत्यु

आदिस अबाबा, १५ वैशाख/सिन्हवा

इथियोपियाका कतिपय स्थानमा पछिल्लो समयमा भएका जातीय दङ्गामा परी २० जनाको मृत्यु भएको यहाँका सुरक्षा अधिकारीहरूले जनाएका छन्। इथियोपियाको उत्तरी अमहारा प्रान्तमा पछिल्लो समयमा भएका दङ्गामा परेर ती नागरिकको ज्यान गएको हो।

अमहरा प्रान्तको इस्लामिक एफियस् काउन्सिलले दिएको जानकारी अनुसार सो क्षेत्रमा बुधवार भएको जातीय दङ्गामा कम्तीमा पनि २० जनाको हत्या भएको हो।

यहाँको एक चिहानका विषयलाई लिएर विभिन्न धार्मिक र जातीय समूहका बीचमा विगतदेखि नै विवाद रहिआएको र पछिल्लोपटक सो जातीय दङ्गामा परेर २० जना व्यक्तिको ज्यान गएको हो।

सो विवादपछि यहाँको एक जातिका मानिसहरू आएर अर्का जातिको समूहका मानिसको आमहत्या नै गरेको बताइएको छ। सो क्षेत्रमा अहिले ठूलो सङ्ख्यामा सुरक्षाकर्मी खटाइएको र मारिएको समूहका मानिसहरूको उद्धारका लागि प्रयास गरिएको बताइएको छ।

उक्त क्षेत्रमा विगतदेखि नै जातीय दङ्गा हुने गरेकाले थप सुरक्षा सतर्कता अपनाइएको भएपनि बुधवार यो आमहत्या भएको अधिकारीहरूले जनाएका छन्। रासस

### सर्लाहीका १७ उम्मेदवारविरुद्ध....

२०७८ को वार्षिक प्रतिवेदनमा बलरा नगरको लेखापरीक्षण प्रतिवेदन अनुसार रु ११ करोड ८० लाख १८ हजार बेरुजू देखिएको र रु पाँच करोड ३६ लाख ८४ हजार असुल नै गर्नुपर्ने उल्लेख गरिएको छ। सिंह र अर्का एकजना वडाध्यक्षविरुद्ध उजुरी परेको बलराका निर्वाचन अधिकृत रञ्जीतकुमार यादवले जानकारी दिए।

वैशाख ३० मा हुने स्थानीय निकायको निर्वाचनका लागि उम्मेदवारी दिएका उम्मेदवारको विरुद्धमा वैशाख १४ मा दाबी विरोधको उजुरी गर्ने समय दिइएको थियो।

नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको उम्मेदवारमाथि उजुरी दिन सकिन्छ।

यस्तै भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने व्यक्ति पनि उम्मेदवार हुन पाउँदैनन्।

जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाइ त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्तिले उम्मेदवारी दिएको भए सो उम्मेदवारी पनि रद्द हुन सक्छ।


### वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातायातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीसाधनहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ।

वीरगंज महानगरपालिका कार्यालय


### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यर्थभ्रमण | वृष – मनोरञ्जन |
| मिथुन – सफलता | कर्कट – राज्यभय |
| सिंह – रोगभय | कन्या – यात्रालाभ |
| तुला – शत्रुभय | वृश्चिक – कार्यनाश |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – कान्तिक्षय | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## स्वतन्त्र उम्मेदवारलाई फकाउँदै दलका नेता

जनकपुर, १५ वैशाख/रासस

सत्तारूढ गठबन्धनका साझा उम्मेदवारविरुद्ध स्वतन्त्र उम्मेदवारी दिएका उम्मेदवारसँग उम्मेदवारी फिर्ता गराउन दलका नेताले पहल शुरू गरेका छन्।

सत्तासाझेदार दलको भागबन्डामा जनकपुरधाम उपमहानगरपालिकाको नगरप्रमुख जनता समाजवादी पार्टीलाई र उपप्रमुख काङ्ग्रेसलाई दिने सहमति भएको थियो। त्यही सहमति अनुसार गठबन्धनको साझा उम्मेदवारको रूपमा जसपाले निवर्तमान नगरप्रमुख लालकिशोर साहलाई नगरप्रमुख र काङ्ग्रेसले किशोरी साहलाई उपप्रमुख पदमा उम्मेदवार बनाएको छ।

गठबन्धनमा आबद्ध दलहरूबीच भएको सहमतिप्रति असन्तुष्टि जनाउँदै पार्टी परित्याग गरी नेपाली काङ्ग्रेसका नगर सभापति मनोज साहले नगरप्रमुखमा र निर्मल चौधरीले उपप्रमुखमा स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन्। स्वतन्त्ररूपमा साह र चौधरीले उम्मेदवारी दिएपछि गठबन्धनका उम्मेदवारलाई असर पर्न सक्ने भन्दै दलका नेताहरूले स्वतन्त्र उम्मेदवारलाई मनाउने प्रयास भइरहेको काङ्ग्रेस धनुषाका पूर्वसभापति महेशचन्द्र गिरीले जानकारी दिए।

"स्वतन्त्र उम्मेदवार दुवैजनाको उम्मेदवारी फिर्ता गराउने पहल गरिरहेका छौं," गिरीले भने, "अहिलेसम्म केही सकारात्मक परिणाम आउने सङ्केत त देखा परेको छैन।" तर हेरौं आज साँझसम्म उम्मेदवारी फिर्ताको समय छ, त्यतिबेलासम्म केही हुन्छ कि उनले बताए।

यस्तै आफ्नै पार्टीका उम्मेदवारविरुद्ध स्वतन्त्र उम्मेदवारी दिएका उम्मेदवारलाई मनाउन नेकपा (एमाले)का नेताहरू पनि जुटेका छन्। एमालेले जनकपुरधामको नगरप्रमुखमा शिवशङ्करर साह र उपप्रमुखमा रूना झालाई उम्मेदवार बनाएपछि असन्तुष्ट बनेका जानकीराम साहले नगरप्रमुखमा र उमेश चौधरीले स्वतन्त्रबाट उम्मेदवारी दिएका छन्। दुवैजनाको उम्मेदवारी फिर्ता गराउन प्रयास भइरहेको नेकपा एमाले धनुषाका अध्यक्ष राजकिशोर यादवले जानकारी दिए।

"उम्मेदवारी फिर्ता लिन हामीले दुवै जनासँग आग्रह गरेका छौं"–अध्यक्ष यादवले भने–"पार्टीका शीर्ष नेताले पनि पहल गरिरहनुभएको छ, आज साँझसम्म उनीहरूले उम्मेदवारी फिर्ता लिएर पार्टीको आधिकारिक उम्मेदवारलाई सघाउनुहुन्छ।" त्यो वातावरण बनाउन हामी नियमित पहल गरिरहेको उनको भनाइ थियो।

जनकपुरधाम उपमहानगरपालिकाको नगरप्रमुख पदका लागि विभिन्न दल तथा स्वतन्त्र गरी ४१ जना र उपप्रमुखमा ३२ जनाले उम्मेदवारी दिएका छन्।

### नगरप्रमुखमा महिला प्रतिस्पर्धामा

आसन्न स्थानीय तह निर्वाचनका लागि तीनवटा दलले जनकपुरधाम उपमहानगरपालिकाको नगरप्रमुख पदमा महिलालाई उम्मेदवार बनाएका छन्। मधेस प्रदेशको राजधानीसमेत रहेको जनकपुरधाम उपमहानगरपालिकाको नगरप्रमुखका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीबाट किसान गिरी, तराई-मधेस लोकतान्त्रिक पार्टीबाट विभा ठाकुर र जनमत पार्टीबाट अनितादेवीले उम्मेदवारी दर्ता गराएका छन्।

आसन्न निर्वाचनका लागि जनकपुरधामको नगरप्रमुख पदका लागि विभिन्न १२ दलबाट १२ जना र २९ जना स्वतन्त्रसहित ४१ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

तीमध्ये तीनैजना महिला फरक-फरक पार्टीबाट नगरप्रमुखमा उम्मेदवार दर्ता गराएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। यस्तै जनकपुरधाम उपमहानगरपालिकाको नगरप्रमुखका लागि दलित समुदायका अरुणदास तत्माले स्वतन्त्र उम्मेदवारी दिएका छन्। दलित समुदायलाई नगरप्रमुख पदमा उम्मेदवार नबनाएपछि आफूले उम्मेदवारी दिएको उनले बताए।

### रेमिट्यान्स.........

तरकारी शहर जान्थे। अहिले ती गाउँ-गाउँ छैनन्। हिजो गाउँ भएका ठाउँमा अहिले उराठ र खण्डहर आएको छ। शून्यता छाएको छ। फाट्टफुट्ट घर छन्। घरमा ओज छैन, ऊर्जा छैन, चहलपहल छैन। चुहुने छाना, भत्केका पिंढी। बनमाराले साम्राज्य जमाएको आँगन र करेसा, त्यही भेटिन्छन् फाट्टफट्ट बूढाबूढी। विदेशिएका छोरानातिले पठाएका पैसाले धानिन्छ उनीहरूको जीविका।

शिक्षक धनवीर थापा भन्छन्–"गाउँको पसलबाट किनेको चामल खाएर गुजारा चलाउछन् गाउँलेहरू। हिजोका बारी, करेसाबारी, खेत बाँझिएका छन्। गाउँमा चरा उड्दैनन्। मौरी भुनभुनाउँदैनन्।" अहिले धान-चामल चाहिं विदेशबाट ओसार्नुपर्ने भएको छ। वैदेशिक रोजगारका नाउँमा मान्छे बेच्ने कम्पनीवाला गाउँगाउँ पुगेका स्थानीयवासीको भनाइ छ।

"गाउँ न पहिलेका गाउँजस्ता छन्, न शहरजस्ता नै हुन सकेका छन्"–बेनी नगरपालिका- २ का ८६ वर्षीय वेदप्रसाद उपाध्याय भन्छन्–"गाउँ वर्णशङ्कर भए, धर्म, संस्कृति, परम्परा, सरसहयोग, ऐंचोपैंचो, झारा, पर्म सबै हराए, नयाँ नयाँ हामीले बुझ्नै नसक्ने कुरा आए।"

आसन्न स्थानीय तहको माहौल जिल्लामा तातेको छ। "नेताहरूले गाउँ बस्तीलाई उन्नति-प्रगतिमा अगाडि लानुपर्ने थियो। त्यस्ता नेता निस्केनन्। असल र इमानदार नेता हामीले चुनावमा उठाउन र जिताएर पठाउन पनि सक्दैनौं। चुनावमा जालझेल चल्छ। हामीले भोट नदिए पनि उसैले जित्छ"–बगरफाँटका ९६ वर्षीय खड्गबहादुर थापाले भने।

ग्रामीण संस्कृतिको अपचलनसँगै आपसी सद्भाव, सहयोग र परम्परागत मूल्य, मान्यता हराउँदै जान थालेपछि ग्रामीण भेगका ज्येष्ठ नागरिक बढी चिन्तित छन्। वर्णशङ्कर संस्कृतिले ग्रामीण जीवनशैलीमाथि अतिक्रमण गर्दै जाँदा एक दिन ग्रामीण सभ्यता नै ध्वस्त हुने हो कि भन्ने चिन्ता जेठो पुस्तालाई छ।

उनीहरू आफ्ना सन्तानमा देखिएको अस्वाभाविक परिवर्तन र उनीहरूको जीवनशैलीका कारण बढी चिन्तित छन्। धर्म-कर्म, दान-दातव्य सबै देखावटी कार्यमा मात्रै सीमित भएको र त्यसको मर्म हराउँदै गएको उनीहरूको भनाइ छ। "ग्रामीण जीवनको प्राकृतिक स्वाद हराउँदै गएको छ, गाउँमा मानिस गाउँले जस्ता पनि छैनन् र शहरिया जस्ता पनि हुन सक्दैनन्"–७६ वर्षीय दण्डपाणी भन्छन्–"रेमिट्यान्सले शहरलाई उँभो लगायो, गाउँलाई रित्यायो।"

उनले भने–"गाउँको घरबारी बेचेर, धितो राखेर वा ऋण लिएर विदेश जान्छन्, कमाए भने शहरमैं घरघडेरी किन्छन्, परिवारलाई बसाइँ सार्छन्, शहरमैं बस्छन्, कमाउन सकेनन् भने भएको गाउँको टुक्राटाक्री बेच्छन् अनि पलायन हुन्छन्, यस्तै चल्दै त आएको छ गाउँमा।"

### स्थानीय तह .....

४८३ सदस्य गरी कुल ३५ हजार २२१ सदस्यका लागि निर्वाचन भएको थियो।

**अहिलेभन्दा २०४९ सालमा दुई गुणा बढी उम्मेदवार**

अहिलेभन्दा २०४९ सालमा दुई गुणा बढी उम्मेदवारले मनोनयन दर्ता गराएका थिए। त्यति बेला कुल ४४ हजार ५३९ पदमा निर्वाचन भएको थियो भने अहिले ३५ हजार २२१ पदमा निर्वाचन हुँदैछ। २०४९ सालमा ४४ हजार ५३९ पदका लागि तीन लाख ५० हजार उम्मेदवारले मनोनयन दर्ता गराएका थिए भने अहिले ३५ हजार २२१ पदका लागि निर्वाचनमा एक लाख ५२ हजार ४६५ जनाले मात्र उम्मेदवारी दर्ता गराएका छन्।

त्यस्तै, २०५४ सालमा एक लाख ८९ हजार पदका लागि निर्वाचन भएको थियो भने २०७४ सालमा एक लाख ५१ हजार १९० जना उम्मेदवार मनोनयन भएका थिए। तीमध्ये ९७ जनाको उम्मेदवारी रद्द, दुई हजार ७२३ जनाले उम्मेदवारी फिर्ता गरेका थिए।

**मतदान केन्द्र**

विसं २०४९ मा पाँच हजार ७१ मतदान केन्द्र रहेका थिए। यसैगरी, २०५४ सालमा पाँच हजार ६९ मतदान केन्द्र र ३१८ उपकेन्द्र रहेका थिए। मतदान केन्द्र, उपकेन्द्र र कर्मचारी खटन पहिलो चरणमा मतदान केन्द्रको सङ्ख्या दुई हजार २३४, उपकेन्द्र ५८ थिए भने दोस्रो चरणमा दुई हजार ८३५ मतदान केन्द्र र २६० उपकेन्द्र थिए। यस्तै, २०७४ सालमा १८ हजार ५८३ मतदान केन्द्र र १० हजार ६७१ मतदान स्थल रहेका थिए। अहिले १० हजार ७५६ मतदान स्थल र २१ हजार ९५५ मतदान केन्द्र रहेका छन्।

**मतदाता ५७ लाख बढी**

२०४९ सालमा रहेका मतदाताभन्दा अहिले ५७ लाख मतदाता बढी रहेका छन्। २०४९ सालमा एक करोड २० लाख मतदाता रहेका थिए। अहिले २०७९ को निर्वाचनमा त्यो सङ्ख्यामा ५७ लाख मतदाता थपिएका छन्। अहिले मतदाता एक करोड ७७ लाख ३३ हजार ७२३ जना रहेका छन्। २०५४ सालमा एक करोड २५ लाख ३८ हजार २७३ मतदाता, २०७४ सालमा एक करोड ४० लाख ७२ हजार ४२४ मतदाता रहेका थिए।

निर्वाचन आयोगका अनुसार पुरुष ७० लाख ७९ हजार १५३, महिला ६९ लाख ९३ हजार १२७ र तेस्रो लिङ्गी १४४ गरी जम्मा एक करोड ४० लाख ७२ हजार ४२४ मतदाता रहेका थिए।

**निर्वाचन खर्च**

विसं २०४९ मा भएको निर्वाचन प्रचारप्रसारमा गाउँ विकास समितिका अध्यक्ष र उपाध्यक्षका लागि अधिकतम रु दश हजार, सदस्यका लागि रु दुई हजार तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि रु २५ हजार र सदस्यका लागि रु १० हजार निर्वाचन खर्चको सीमा तोकिएको थियो।

त्यस्तै, २०५४ सालमा महानगरपालिकाका प्रमुख र उपप्रमुख उम्मेदवारका लागि रु एक लाख ५० हजार, वडाध्यक्ष र सदस्यका उम्मेदवारका लागि रु २९ हजार, उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारले रु ७० हजार, वडाध्यक्ष, वडा सदस्यका उम्मेदवारले रु १५ हजार, नगरपालिका प्रमुख, उपप्रमुखका उम्मेदवारले रु ४५ हजार, वडाध्यक्ष र वडा सदस्यले रु १२ हजार चुनाव प्रचारका लागि खर्च गर्न पाउने गरी निर्वाचन खर्चको हद तोकिएको थियो।

यसैगरी, २०७४ र २०७९ सालमा उम्मेदवारी खर्चको हद एउटै तोकिएको छ। निर्वाचन आयोग ऐन २०७३ को दफा २४ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ बमोजिम उम्मेदवारको निर्वाचन खर्चको अधिकतम हद तोकिएको हो। अहिले पनि २०७४ सालको जस्तै महानगरपालिकाका प्रमुख र उपप्रमुखले रु सात लाख ५० हजार खर्च गर्न पाउने व्यवस्था गरेको छ।

यसैगरी, उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखले रु पाँच लाख ५० हजार, नगरपालिकाका प्रमुख र उपप्रमुखले रु चार लाख ५० हजार तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले रु तीन लाख ५० हजार चुनावी खर्च गर्न पाउने व्यवस्था गरिएको निर्वाचन आयोगले जनाएको छ।


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

# सिमरा विमानस्थल १२ बजेसम्म खुल्ने

प्रस, वीरगंज, १५ वैशाख/

सिमरा विमानस्थलबाट अब राति १२ बजेसम्म उडान सेवा सञ्चालन हुने भएको छ।

नेपाल उड्डयन प्राधिकरणले वैशाख १६ गतेदेखि सिमरा विमानस्थललाई राति



तस्वीरः फाइल

१२ बजेसम्म उडानको लागि स्वीकृति प्रदान गरेको छ। यसअघि सो विमानस्थल साँझ ६ बजेसम्म मात्र खुला हुने गरेको थियो।

सिमरा–काठमाडौं नियमित उडान आठदेखि दशवटासम्म गरेको छ। एक महीनाअघिसम्म पोखराको लागि उडान हुँदै आएको थियो। यात्रुको कमीको कारणले अहिले सो उडान बन्द भएको छ।

यसअघि विराटनगरका लागि पनि यहाँबाट उडान सेवा थियो तर यात्रुको चाप कम भएपछि रद्द गरिएको थियो। 'जाउँ है पोखरा' अभियानसँगै पोखराको लागि सातामा दुई दिन उडान सेवा थियो। राति १२ बजेसम्म उडान स्वीकृति पाएको सिमरा विमानस्थल अब १८ घण्टा खुला रहनेछ।

# एमाले उम्मेदवारले अनाथसित लिए आशीर्वाद

प्रस, गरुडा, १५ वैशाख/

रौतहटको गरुडा नगरपालिकामा नेकपा एमालेबाट नगरप्रमुख प्रत्याशी


तस्वीरः प्रतीक

कन्थमणि प्रसाद कलवारले अनाथसित आशीर्वाद लिएर चुनावी अभियानको औपचारिक सुरुआत गरेका छन्। रौतहटको गरुडा–४ मा रहेको वंशीराम जयसवाल अनथालयमा बिहीवार बिहान पुगेर अनाथालयका संस्थापक वंशीराम जयसवालको आशीर्वाद ग्रहण गरेका एमाले उम्मेदवार कलवारले अनाथालयका बालबालिकासित आशीर्वाद लिएका हुन्। अनाथ बालबालिकाले एकै स्वरले उम्मेदवार कलवारलाई विजयको शुभकामना दिएका थिए।

अनाथालय पुगेका एमाले उम्मेदवार कलवारले अनाथालयमा भवनको अभाव रहेकोले अनाथ बालबालिकाको आवासको लागि अर्को व्यवस्थित भवन बनाउने प्रतिबद्धता पनि व्यक्त गरेका थिए। उम्मेदवार कलवारले आफ्नो घोषणापत्रमा पनि अनाथालयलाई व्यवस्थित गरी अनाथ बालबालिकालाई स्नातकसम्म निश्शुल्क शिक्षा दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

विगत पाँच वर्षदेखि प्राकृतिक तथा मानवीय समस्या र चाडपर्वहरूमा गरीबलाई निरन्तर आर्थिक तथा भौतिक सहयोग गर्दै आएका कलवार लोसपाको केन्द्रीय सदस्य परित्याग गरी एमालेका अध्यक्ष केपी शर्मा ओलीबाट टीका लगाइ नगरप्रमुख पदका उम्मेदवार बनेका हुन्।

यसअघिको चुनावमा पनि स्वतन्त्र उम्मेदवारको रूपमा गरुडाको नगरप्रमुख पदमा कलवारले प्रतिस्पर्धा गरेका थिए।

# सर्लाहीका १७ उम्मेदवारविरुद्ध उजुरी

सर्लाही, १५ वैशाख/रासस

सर्लाहीका विभिन्न स्थानीय निकायका १७ उम्मेदवारविरुद्ध उजुरी परेको छ। सबैभन्दा धेरै जिल्लाको बसबरिया गाउँपालिकामा उम्मेदवारी दिएका सातजनाविरुद्ध उजुरी परेको हो।

वाग्मती नगरपालिकामा चार उम्मेदवारविरुद्ध उजुरी परेको मुख्य निर्वाचन अधिकृत ध्रुवकुमार पियाले जानकारी दिए। बलरामा दुई तथा लालबन्दी, कविलासी, रामनगर र ब्रह्मपुरीमा एक/एक उजुरी दर्ता भएका छन्। ती उजुरीमाथि बिहीवार साँझसम्म छानबीन गर्ने र दोषी प्रमाणित भए उम्मेदवारी रद्द गरिने पियाले जानकारी दिए।

बलराको प्रमुखका उम्मेदवार अभयकुमार सिंह र वाग्मती नगरका प्रमुखका उम्मेदवार भरतकुमार थापाविरुद्ध उजुरी परेको हो। अन्य पालिकामा पनि विभिन्न उम्मेदवारविरुद्ध उजुरी परेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

थापाविरुद्ध प्रहरीको कारबाहीमा मारिएका कुमार पौडेलका बुबा खिलराज पौडेलले उजुरी दिएका हुन्। पौडेल घटनामा मृतकका बुबाले दिएको किटानी जाहेरीमा थापाको नामसमेत भएको र सर्वोच्च अदालतले पनि छानबीन गर्न आदेश दिएको उल्लेख गरिएको छ। त्यस्तै, सिंहविरुद्ध बेरुजू तिर्नुपर्ने र पेश्की फछ्र्यौट गर्नुपर्ने भन्दै उजुरी परेको हो।

महालेखा परीक्षकको कार्यालयको

(बाँकी पाँचौं पातामा)




# खेलकूदको संसार

## अलमुताइरीका कारण बन्द प्रशिक्षणबाट निस्कन बाध्य : खेलाडी

काठमाडौं, १५ वैशाख/रासस

राष्ट्रिय फूटबल टोलीका मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले बन्द प्रशिक्षण छाडेर जान भनेपछि आफूहरू प्रशिक्षण छाड्न बाध्य भएको बन्द प्रशिक्षणबाट विद्रोह गरेका खेलाडीहरूले बताएका छन्।

विद्रोह गरेका खेलाडीहरूले बिहीवार पत्रकार सम्मेलन गर्दै प्रशिक्षक अलमुताइरीले पटक–पटक क्याम्प छाडेर जान भनेपछि आफूहरू बाध्य भएर प्रशिक्षण छाडेको खेलाडीहरूले बताएका हुन्।

एएफसी एशियन कप छनोट २०२३ को छनोट चरणको तयारीमा रहेको फूटबल टोलीका १० सिनियर खेलाडीले प्रशिक्षक अलमुताइरीको व्यवहारप्रति असन्तुष्टि जनाउँदै मङ्गलवार प्रशिक्षण क्याम्प छाडेका थिए।

राष्ट्रिय टोलीका कप्तान किरण चेम्जोङको अनुपस्थितिमा टोलीको नेतृत्व सम्हालिरहेका मिडफिल्डर रोहित चन्दलाई क्याम्प छोड्न भनेपछि असन्तुष्ट सिनियर खेलाडीले प्रशिक्षक अलमुताइरीसँग त्यसबारे छलफल गरेका थिए। छलफलपछि प्रशिक्षकले अन्य खेलाडीलाई पनि क्याम्प छोड्न भनेपछि खेलाडीले क्याम्प छोडेका हुन्।

अखिल नेपाल फूटबल सङ्घ (एन्फा)को सातदोबाटोस्थित होस्टलमा बस्न धेरै नै समस्या रहेको भन्दै आफूहरूलाई होटलमा बस्ने व्यवस्था मिलाउन आग्रह गर्दा प्रशिक्षकले रोहित चन्दलाई निकालेको खेलाडीहरूले बताए।

"सो विषयमा कुरा गर्न खोज्दा प्रशिक्षकले आफूहरूलाई पनि प्रशिक्षण छाडेर जाऊ भन्नुभयो," खेलाडी अनन्त तामाङले भने, "अब यही प्रशिक्षकले प्रशिक्षणमा बोलाए हामीलाई गाह्रो हुन्छ।"

त्यस्तै, रोहित चन्दले आफूहरूले प्रशिक्षक हटाउनुपर्छ नभनेको तर प्रशिक्षक अलमुताइरीको नेतृत्वमा खेल्न गाह्रो हुने बताए। "उहाँले प्रशिक्षक अलमुताइरी आएपछि टीममा परिवर्तन धेरै भएको बताउनुभयो।

पहिलेको तुलनामा हामीले खेलहरू पनि धेरै खेल्न पाइरहेका थियौं। तर हामीलाई उहाँसँग व्यक्तिगतरूपमा समस्या छ," उनले भने।

त्यस्तै, विशाल राईले रोहित चन्दलाई टीममा राख्नुपर्छ भनेर आफूहरूले होटल छाडेको होइन भन्दै खेलाडीको सुविधाको विषयमा कुरा उठाएकाले आफूहरू पनि त्यसमा सहभागी भएको बताए।

त्यस्तै, खेलाडीहरूले राष्ट्रका लागि खेल्नु आफ्नो दायित्व रहेको र त्यसमा नपन्छिनेसमेत बताएका छन्। "हामी खेलाडी राष्ट्रका लागि खेल्नु हाम्रो दायित्व हो, यसबाट हामी कदापि पन्छिनेछैनौं तर जुन किसिमको व्यवहार प्रशिक्षक अलमुताइरी र टोलीबाट भयो, यसमा हामी दुःखी छौं," खेलाडीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

# हरियो तरकारी सस्तो भयो

प्रस, पर्सागढी, १५ वैशाख/

हरियो तरकारीको मोल अहिले घट्दो छ। रु सयभन्दा माथि बिक्री भइरहेका हरियो तरकारीको उत्पादन बढेर सस्तो भएको हो।

गर्मी बढेसँगै कागतीको मोल भने सस्तो भएकोले यसको खरिदारी पनि बढेको छ। चार/पाँच जनाको परिवार सङ्ख्या रहेको घरमा हरियो तरकारी


तस्वीरः प्रतीक

हरियो तरकारी परवल, करैला, रामतोरई, बोडीलगायत अहिले किलोको रु ५० मुनि बिक्री भइरहेका छन्। गत चैतसम्म हरियो तरकारीको मोल तल झरेन। सामान्यता दशैं, तिहार र छठ पर्वपछि हरियो तरकारीको मोल ओरालो लाग्थ्यो। तर यसपटक बेमौसमी वर्षाले हरियो तरकारीको खेती प्रभावित भएको कारण मूल्य नघटेको हो। अहिले वर्षा कम भएको र गर्मीयाम शुरू भएकोले आकाशिएको छ। दश रुपैयाँमा एउटा ठूलो कागती पाउने गरेकोमा अहिले रु २० मूल्य पुगेको छ। हरियो तरकारी महँगो हुँदा आधा किलो खरीद गर्दथे भने अहिले सस्तो भएसँगै एक किलो खरिद गर्न थालिएको छ।

### भारतले बिजुली नदिंदा....

भारत गएको बेला दुवै सरकारले नेपालले खरीद गर्ने बिजुलीको दर घटाउने निर्णय गर्दै सहमति गरेका थिए। अहिले भारतबाट प्रतियुनिट भारु १२ मा आयात भइरहेको बिजुली नेपालमा नेरु ११ मा प्राधिकरणले बेच्ने गरेको नेविप्रा, वीरगंज वितरण केन्द्रका प्रमुख झा बताउँछन्। उनले आगामी एक साताभित्र समस्या समाधान हुने दाबी गरे। आगामी केही दिनमा नेपालमा हिउँ पग्लिने र जलाशयमा पानीको सतह बढेर विद्युत् उत्पादन बढेपछि विद्युत् आपूर्ति सहज हुने बताए।

# बहुदरमाई नपामा एमाले कमिटी गठन


तस्वीरः प्रतीक

प्रस, वीरगंज, १५ वैशाख/

बहुदरमाई नगरपालिका–१ पिपरामठमा नेकपा एमालेको नगर कमिटी बैठक बसेको छ।

बैठकमा एमालेका केन्द्रीय सदस्य राजकुमार गुप्ताले एमालेप्रति जनलहर बढेको र यही दलले मधेस र देशलाई समृद्ध बनाउने दाबी गरे। नगरप्रमुखका उम्मेदवार शिव पटेलले नगरको काम गर्ने र जनताको समस्या बुझ्ने उम्मेदवारलाई विजयी बनाउन आग्रह गरे। उनले यसअघिको निर्वाचनमा आफू पराजित भएपनि जनताप्रतिको जिम्मेवारी निर्वाह गर्दै आएकोले जनताले आफूलाई विजयी गराउने दाबी गरे।

एमाले नगर कमिटीका अध्यक्ष प्रमोद कुशवाहाको अध्यक्षतामा बसेको बैठकले ध्रुवप्रसाद साहको नेतृत्वमा ५१ सदस्यीय नगरस्तरीय परिचालन कमिटी गठन गरेको छ।

**स्वदेशी उत्पादन, उद्योगी र व्यवसायलाई प्रवर्द्धन गरौं।**

- स्वदेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वदेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रवर्द्धन गरौं,
- रोजगारको सिर्जना हुने खालका उद्योग, व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- विलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**